# नेपाल निजामती कर्मचारी युनियनको
# विधान २०५९
## (सातौँ संशोधन, २०८०)

**प्रस्तावना**

♣संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सम्पूर्ण निजामती कर्मचारीहरूको पेशागत हकहितको संरक्षण र संवर्द्धन गरी निजामती सेवालाई मर्यादित बनाउन र निजामती प्रशासनलाई सबल, सक्षम, जनमुखी, जवाफदेही, व्यवसायीक र लोकतान्त्रिक बनाई राज्यका तर्फबाट नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन, राष्ट्र र समाजप्रतिको जिम्मेवारी पूरा गर्नुका साथै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि निजामती कर्मचारीहरूले पुऱ्याएको योगदानको कदर गर्दै सम्पूर्ण कर्मचारीहरूलाई सुशासन कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध बनाई नागरिक सेवाको माध्यमबाट राष्ट्रलाई सभ्य र समृद्ध बनाउनका लागि निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) को दफा ५३ मा गरिएको व्यवस्थाबमोजिम निजामती कर्मचारीहरूको राष्ट्रियस्तरको ट्रेड युनियन गठन गरी सञ्चालन गर्न वाञ्छनीय भएकाले यो विधान तर्जुमा गरी लागू गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

१) यस विधानको नाम **"नेपाल निजामती कर्मचारी युनियनको विधान, २०५९ (सातौँ संशोधन, २०८०)"** रहेको छ ।

---

♣ सातौँ संशोधनबाट मिलाइएको

२) यो विधान निजामती सेवा ऐन २०४९ बमोजिम नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(१) **'कर्मचारी'** भन्नाले निजामती सेवा ऐन, २०४९ (संशोधनसहित), स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालयसम्बन्धी ऐन, २०६४ ♣बमोजिम स्थायी नियुक्ति भई संघ, प्रदेश र स्थानीय तहको पदमा बहाल रहेका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई संघ, प्रदेश र स्थानीय तहमा बहाल रहेका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश र स्थानीय तहमा कार्यरत व्यक्तिलाई सम्झनुपर्दछ । सो शब्दले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र विकास समिति ऐन, २०१३ (संशोधनसहित)बमोजिम स्थायी नियुक्ति भई प्रदेश र स्थानीय तहमा कार्यरत व्यक्तिलाई समेत जनाउनेछ । तर यसले विकास समिति ऐनअन्तर्गतका संस्थानहरूका कर्मचारीलाई भने जनाउनेछैन ।

(२) **'युनियन'** भन्नाले नेपाल निजामती कर्मचारी युनियनलाई जनाउनेछ । यसलाई अङ्ग्रेजीमा Nepal Civil Service Emplyoyees' Union भनिनेछ । यसलाई छोटकरीमा ने.नि.क.यु. (NECSEU) भनिनेछ ।

(३) **'संवैधानिक अङ्ग/निकाय'** भन्नाले नेपालको संविधानले व्यवस्था गरेको संवैधानिक अंग वा निकायलाई जनाउनेछ ।

(४) **'मन्त्रालय'** भन्नाले नेपाल सरकारको कार्यविभाजन नियमावलीबमोजिमका प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा संघीय मन्त्रालयलाई जनाउनेछ । सो शब्दले राजपत्राङ्कित विशिष्ट श्रेणीको कार्यालय प्रमुख हुने केन्द्रीय स्तरको सचिवालयसमेतलाई जनाउनेछ ।

(४) (क)[♣]**'प्रदेश मन्त्रालय'** भन्नाले प्रदेश सरकारको कार्यविभाजन नियमावलीबमोजिमका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयलाई जनाउनेछ । सो शब्दले राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख हुने प्रदेशमा स्थापना भएका आयोग, सचिवालय समेतलाई जनाउँछ ।

(५) **'विभाग'** भन्नाले निजामती सेवा नियमावलीमा उल्लेख भएका एवम् नेपाल सरकारले विभाग भनी तोकेको कार्यालयलाई जनाउनेछ ।

(६) **'कार्यालय'** भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले छुट्टै अस्तित्व कायम रहने गरी स्थापना गरेका कार्यालयलाई जनाउनेछ ।

(७) **'सदस्य'** भन्नाले कार्यसमितिका पदाधिकारीबाहेकका सदस्यलाई जनाउनेछ ।

(८) **'कार्यसमिति'** भन्नाले युनियनको प्राथमिक कार्यसमिति, स्थानीय कार्यसमिति, प्रदेश विभागीय कार्यसमिति, विभागीय कार्यसमिति, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति, विभागीय समन्वय समिति र केन्द्रीय कार्यसमितिलाई जनाउनेछ ।

---

♣ सातौं संशोधनबाट थपिएको

(९) ......♣

(१०) **'अधिवेशन'** भन्नाले युनियनको प्राथमिक, स्थानीय, प्रदेश विभागीय, विभागीय, जिल्ला, प्रदेश, विभागीय समन्वय समिति अधिवेशन र केन्द्रीय अधिवेशन/महाधिवेशनलाई जनाउनेछ । यसले विशेष अधिवेशन तथा विधान अधिवेशन समेतलाई जनाउनेछ ।

**(१०)** **'कार्यसम्पादन समिति'** भन्नाले सम्बन्धित कार्यसमितिको ४०% भन्दा बढी संख्या नहुने गरी सम्बन्धित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू रहेको समितिलाई जनाउनेछ ।

(११) ...........♣

(१२) **'तोकिएको वा तोकिएबमोजिम'** भन्नाले यस विधान वा विधानको अधीनमा रही बनाएको विनियममा तोकिएको वा तोकिएबमोजिमलाई जनाउनेछ ।

(१३) **'ट्रेड युनियन'** भन्नाले यस युनियन र मातहतका कार्यसमितिहरूलाई जनाउनेछ ।

(१४) **'श्रेणीविहीन'** भन्नाले कुनै श्रेणी उल्लेख नभएका सवारी चालक, कार्यालय सहयोगी, हुलाकी, हल्कारा, वन रक्षकजस्ता पदहरूमा कार्यरत श्रेणीबिहीन कर्मचारीहरूलाई जनाउनेछ ।

(१५) **'पदाधिकारी'** भन्नाले कार्यसमितिका सदस्यबाहेकका पदहरूमा रहेका पदाधिकारीलाई जनाउनेछ ।

(१६) **'युवा'** भन्नाले ३५ वर्ष ननाघेको कर्मचारीलाई जनाउनेछ ।

---

♣ सातौं संशोधनबाट खारेजी

♣ सातौं संशोधनबाट खारेजी

(१७) **'समावेशी'** भन्नाले महिला, खसआर्य, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, थारु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, उत्पीडित वर्ग, पिछडिएको क्षेत्रका कर्मचारीलाई जनाउनेछ । सो शब्दले कार्यालय सहयोगी, हल्कारा, सवारीचालक, वनरक्षक लगायतका श्रेणीविहीन र श्रेणी नखुलेका कर्मचारीसमेतलाई जनाउनेछ ।

(१८) **'अपाङ्गता भएका व्यक्ति'** भन्नाले नेपाल सरकारबाट परिचय-पत्र प्राप्त गरेका फरक शारीरिक क्षमता भएका कर्मचारीलाई जनाउनेछ ।

(१९) **'आधिकारिक ट्रेड युनियन'** भन्नाले निजामती सेवा ऐन २०४९ को दफा ५३ तथा निजामती सेवा नियमावली २०५० को नियम ११७ (क) मा व्यवस्था भएबमोजिमको केन्द्रीय, जिल्लास्तर, विभागीयस्तरमा गठन भएको आधिकारिक ट्रेड युनियनलाई जनाउनेछ ।

(२०) **'स्थानीय तह'** भन्नाले नेपालको संविधानमा व्यवस्था गरिएबमोजिमको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकालाई जनाउनेछ ।

(२१) **'प्रदेश'** भन्नाले नेपालको संविधानमा व्यवस्था गरिएको प्रदेशलाई जनाउनेछ ।

(२२) **'संघ'** भन्नाले नेपालको संविधानमा व्यवस्था गरिएको संघीय तहलाई जनाउनेछ ।

(२३) **'सेवा'** भन्नाले निजामती सेवा ऐन २०४९ को दफा ३ मा व्यवस्था भएबमोजिमको सेवा तथा ♣स्वास्थ्य सेवा ऐन, २०५३, व्यवस्थापिका संसद सचिवालयसम्बन्धी ऐन, २०६४,

---

♣ सातौँ संशोधनबाट थप गरिएको

प्रदेश निजामती सेवा र स्थानीय सेवासम्बन्धी कानुनमा व्यवस्था भएबमोजिमको सेवालाई जनाउनेछ ।

२४) ........♣

## परिच्छेद-२

## युनियनको ♣स्थापना र कार्यालय

### ३. युनियनको कार्यालय

युनियनको केन्द्रीय कार्यसमितिको कार्यालय बबरमहल, काठमाडौँमा, विभागीय समन्वय कार्यसमितिको कार्यालय सम्बन्धित कार्यसमितिले तोकेको स्थानमा, प्रदेश कार्यसमितिको कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा, विभागीय कार्यसमितिको कार्यालय सम्बन्धित कार्यसमितिले तोकेको सम्बन्धित केन्द्रीय स्तर कार्यालय, मन्त्रालय वा विभागमा, प्रदेश विभागीय कार्यसमितिको कार्यालय प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा, जिल्ला कार्यसमितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा, स्थानीय कार्यसमितिको कार्यालय सम्बन्धित पालिकाको केन्द्रमा र प्राथमिक कार्यसमितिको कार्यालय सम्बन्धित कार्यालयमा नै रहनेछ ।

### ४. युनियन स्वशासित र सङ्गठित संस्था हुने

१) ♣नेपाल निजामती कर्मचारी युनियन अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र गैर नाफामूलक सङ्गठित संस्था हुनेछ ।

---

♣ सातौँ संशोधनबाट खारेजी

♣ सातौँ संशोधनबाट खारेजी

♣ सातौँ संशोधनबाट थप गरिएको

२)	युनियनले व्यक्तिसरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, धितो बन्धक राख्न, बेचबिखन गर्न र अन्य किसिमले प्रयोग गर्न सक्नेछ ।

३)	युनियनले आफ्नो नामबाट कसैउपर नालिस उजुर गर्न सक्नेछ र अरू कसैले युनियनउपर सोही नामबाट नालिस उजुर गर्न सक्नेछ ।

४)	युनियनको कामकारबाहीका लागि अनुसूची २ मा व्यवस्था भएबमोजिम एउटा छुट्टै छाप हुनेछ ।

५)	युनियनको प्रतीक चिह्न र झन्डा क्रमशः अनुसूची ३ र ४ मा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद-३
## युनियनको उद्देश्य र कार्य

### ५.	युनियनको उद्देश्य

नेपाल निजामती कर्मचारी युनियनको उद्देश्य देहायबमोजिम रहनेछ :

१)	संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सम्पूर्ण कर्मचारीको पेशागत हक, सेवाको सुरक्षा,  वृत्तिविकास र मर्यादाका लागि क्रियाशील रहने ।

२)	निजामती प्रशासनको गरिमा र सम्मान अभिवृद्धि गर्ने/गराउने ।

३)	सार्वजनिक सेवाप्रति नागरिकको विश्वास अभिवृद्धि गरी राज्यको प्रभावकारिता बढाउने ।

४)	निजामती प्रशासनलाई गतिशील, समतामूलक, समावेशी एवम् न्यायपूर्ण बनाउने ।

५) सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको सामाजिक सुरक्षाको सुनिश्चितता कायम गराउने ।

## ५. क ♣युनियनको आदर्श र सिद्धान्त

नेपाल निजामती कर्मचारी युनियनको आदर्श र सिद्धान्त देहायबमोजिमको रहनेछ :

(१) संघ, प्रदेश र स्थानीय तहका प्रशासनिक निकायहरूबिच समन्वय, सहकार्य र अन्तरआबद्धता एवम् अन्तरसम्बन्ध ।

(२) व्यावसायिक सेवा र मर्यादित पेशामार्फत सम्मानित जीवन पद्धतिको अवलम्बन ।

(३) नवप्रवर्द्धनात्मक तथा अन्वेषणात्मक सार्वजनिक सेवामा अग्रसरता ।

(४) वस्तुनिष्ठ र पारदर्शी कार्यसम्पादन प्रणाली ।

(५) सेवाग्राहीप्रति समानुभूति हुने संस्कार र व्यवहार ।

(६) समावेशी, सदाचार र सक्षम कर्मचारी तन्त्र ।

(७) राष्ट्र र जनताको वृहत्तर हितप्रतिको लगाव, समर्पण र निष्ठा ।

## ६. युनियनको उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरू

(१) निजामती सेवालाई राजनीतिबाट सदैव तटस्थ राखी कर्मचारीहरूको विशुद्ध पेशागत हकहितको संरक्षण र सम्बर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारलाई रचनात्मक सहयोग पुऱ्याउने ।

(२) कर्मचारीहरूको नियुक्ति, सेवाका सर्त, समयसापेक्ष सुविधा, कर्मचारीको जिउज्यानको सुरक्षा, कर्मचारीको व्यावसायिक

---

♣ सातौँ संशोधनबाट थप गरिएको

सुरक्षा र वृत्ति विकाससम्बन्धी नीति निर्माणमा संघ, प्रदेश र स्थानीय सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने ।

(३) निजामती सेवासँगै सम्बन्धित विद्यमान ऐन, कानुनम र नियमहरूको पुनरावलोकन गरी समयानुकूल बनाउन संघ, प्रदेश र स्थानीय सरकारलाई आवश्यक सल्लाह दिने ।

(४) निजामती कर्मचारीहरूले निजामती सेवासँग सम्बन्धित प्रचलित ऐन, कानुनम तथा नियमबमोजिम पाउनुपर्ने कुनै सुविधा नपाएमा वा त्यस्तो सुविधा दिने निर्णयको कार्यान्वयन नभई कुनै कर्मचारीलाई मर्का पर्न गएमा त्यस्तो कर्मचारीको मागको आधारमा कानुनमबमोजिम पाउनुपर्ने सुविधा दिलाउन पहल गर्ने ।

(५) कर्मचारीहरूको भर्ना तथा सेवाका सर्त, सुविधा, वृत्तिविकास र त्यस्तो विषयसँग सम्बन्धित समस्याहरूको अध्ययन एवम् विश्लेषण गरी सोको कार्यान्वयनका लागि सम्बन्धित निकायलाई सुझाव दिने ।

(६) निजामती सेवा वा सार्वजनिक प्रशासनसँग सम्बद्ध अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग समानताका आधारमा सम्पर्क स्थापना गर्ने ।

(७) कर्मचारीहरूको हकहित र संरक्षणका लागि संघ, प्रदेश र स्थानीय सरकार वा सम्बद्ध निकायसँग समन्वय र वार्ता गर्ने ।

(८) कर्मचारीहरूको हकहितको लागि मर्यादित ढंगले वहस पैरवी, शान्तिपूर्ण भेला, प्रदर्शन तथा दबाबका कार्यक्रम सञ्चालन गर्ने ।

(९) कर्मचारी तथा उनीहरूको परिवारको हकहित र कल्याणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(१०) सार्वजनिक प्रशासन एवम् ट्रेड युनियनसम्बन्धी कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय अधिवेशन, सम्मेलन, सेमिनार, गोष्ठी, कार्यक्रम आदिमा निजामती कर्मचारीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(११) निजामती कर्मचारीहरूको पेशागत हकहित, सेवा सुविधा र वृत्ति विकाससम्बन्धी समिति वा कार्यदलमा प्रतिनिधित्व गर्ने ।

(१२) ट्रेड युनियन अधिकारको प्रयोग गर्दै संवाद एवम् सामूहिक सौदाबाजी गर्ने ।

(१३) नेपाल निजामती कर्मचारी युनियनलाई नेपालको निजामती सेवाको सबैभन्दा ठुलो राष्ट्रिय स्तरको ट्रेड युनियन बनाउन आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

(१४) ♣सम्पूर्ण कर्मचारीहरूको व्यावसायिकता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(१५) ♣युनियनको उद्देश्य प्राप्तिका लागि वार्षिक कार्ययोजनाअनुसार बैठक, भेला, गोष्ठी, सेमिनार, प्रशिक्षण, तालिमलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने ।

७. .........♣

---

## परिच्छेद-४
## सदस्यता

### ८. सदस्यता

नेपाल निजामती कर्मचारी युनियनमा देहायअनुसारका सदस्य रहने छन् :

(१) **साधारण सदस्य :** प्रचलित कानुनबमोजिम ट्रेड युनियनको सदस्य बन्न योग्य कर्मचारीले रु १०० ।- (अक्षेरुपी एक सय मात्र) शुल्क बुझाई युनियनको साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) **क्रियाशील सदस्य :** युनियनको क्रियाकलापमा निरन्तर सक्रिय रहेको कुनै साधारण सदस्यले ३ (तीन) वर्षका लागि रु.५००।- (अक्षेरुपी पाँच सय मात्र) शुल्क बुझाई क्रियाशील सदस्यता प्राप्त गर्न सक्नेछन् । क्रियाशील सदस्यता प्राप्त गर्न साधारण सदस्यता लिएको कम्तीमा २ (दुई) वर्ष पूरा भएको हुनुपर्नेछ ।

(३) **मानार्थ सदस्य :** निजामती सेवा तथा कर्मचारी प्रशासन सम्बन्धी अध्ययन, अनुसन्धान, विकास तथा त्यससम्बन्धी क्षेत्रमा संलग्न भई विशेष योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्ति वा निजामती कर्मचारीको हकहित तथा युनियनको विकासमा विशेष योगदान पुऱ्याउने व्यक्ति वा बिना कुनै सर्त युनियनका लागि एकमुष्ठ रु. ५००००।- (अक्षेरुपी पचास हजार मात्र) वा सोभन्दा माथि आर्थिक सहयोग गर्ने व्यक्ति वा सेवाकालीन सदस्यको समयावधि समाप्त भएका व्यक्तिलाई युनियनको केन्द्रीय कार्यसमितिले अनुसूची-११ बमोजिमको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) क ♣**सेवाकालीन सदस्यः** युनियनको क्रियाकलापमा निरन्तर सक्रिय रहेको कुनै क्रियाशील सदस्यले एकमुष्ठ रु.१००००।- (अक्षेरुपी दश हजार मात्र) शुल्क बुझाई नियमानुसार ट्रेड युनियनको सदस्य हुने अवधिसम्मको लागि सेवाकालीन सदस्यता प्राप्त गर्न सक्नेछन् । यसरी सेवाकालीन सदस्यता प्राप्त गर्ने कर्मचारी सेवाबाट अवकाश भएमा वा कानुनबमोजिम ट्रेड युनियनको सदस्यता लिन नमिल्ने पदमा पदोन्नति भएमा स्वतः मानार्थ सदस्यमा परिणत हुनेछ । साथै सेवाकालीन सदस्यता अनुसूची-१० मा व्यवस्था भएबमोजिम केन्द्रीय कार्यसमितिले वितरण गर्नेछ ।

(४) **अतिथि सदस्य :** विभिन्न देशका सरकारी सेवा वा संयुक्त राष्ट्रसंघ र त्यस अन्तर्गतका विभिन्न निकाय वा ख्यातिप्राप्त अन्तर्राष्ट्रिय संघ-संस्थामा कार्यरत कर्मचारीहरूबाट वार्षिक रु.१०००००।- (अक्षेरुपी एक लाख रुपैँया मात्र) लिई केन्द्रीय कार्यसमितिले युनियनको अतिथि सदस्यता प्रदान गर्न सक्नेछ ।

५) **संस्थागत सदस्य :** कुनै पनि क्षेत्रका कर्मचारीहरूको हकहितको संरक्षणका लागि स्थापित भएका स्वदेशी वा विदेशी कर्मचारी युनियन वा सरकारी तथा गैरसरकारी सेवा एवम् प्रशासन सम्बन्धी अध्ययन अनुसन्धान प्रशिक्षण वा तत्सम्बन्धी अन्य काम कारबाहीमा संलग्न कुनै स्वदेशी वा विदेशी संस्थाबाट वार्षिक दस्तुर रु. १०००००/- (अक्षेरुपी एक लाख मात्र) लिई केन्द्रीय कार्यसमितिले युनियनको संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ ।

♣ सातौँ संशोधनबाट थप गरिएको

**पुनश्च :** साधारण र क्रियाशील सदस्यबाट प्राप्त भएका शुल्क मध्ये ४० प्रतिशत सदस्यता वितरण गर्ने सम्बन्धित जिल्ला/विभागीय/प्रदेश विभागीय कार्यसमितिमा रहने, १० प्रतिशत सम्बन्धित प्रदेश/विभागीय समन्वय समितिमा रहने र बाँकी ५० प्रतिशत केन्द्रमा पठाइनेछ । तर सदस्यता शुल्क बाहेकको अन्य शुल्क/आम्दानीमा यो व्यवस्था लागू हुनेछैन ।

## ९. सदस्यता नवीकरण

(१) क्रियाशील सदस्यको समयावधि महाधिवेशन भएको मितिले तीन वर्षको हुनेछ तर आगामी महाधिवेशन हुनुभन्दा तीन महिना अगावै सदस्यता नवीकरण गरी सक्नु पर्नेछ । विशेष कारणवश महाधिवेशन समयमै सम्पन्न हुन नसकेमा आगामी महाधिवेशनसम्मका लागि केन्द्रीय कार्यसमितिको निर्णयले सदस्यताको म्याद थप गरी सदस्यता नवीकरण गराउन सक्नेछ । तर सेवाकालीन, मानार्थ, अतिथि र संस्थागत सदस्यको हकमा सदस्यता नवीकरण गरिराख्नुपर्ने छैन ।

(२) तोकिएको म्यादभित्र सदस्यता नवीकरण नगराएमा केन्द्रीय कार्यसमितिले तोकिएबमोजिम थप दस्तुर लिई आगामी अधिवेशन/महाधिवेशन सम्मका लागि सदस्यता नवीकरण गर्न सक्नेछ ।

(३) सदस्यता नवीकरण नगरेका व्यक्तिले कुनै पनि कार्यसमितिको निर्वाचनमा भाग लिन पाउनेछैनन् । तर सेवाकालीन सदस्यको हकमा यो व्यवस्था लागू हुनेछैन ।

४) निर्वाचनको समयमा (सामान्यतया मतदान हुने मितिभन्दा तीन महिनाअगाडि) सदस्यता नवीकरण गर्ने कार्य बन्द हुनेछ ।

## १०. सदस्यता वितरण

१) साधारण एवम् क्रियाशील सदस्यता वितरणको आवश्यक रसिद र सदस्यता फाराम केन्द्रीय कार्यसमितिले छपाई गर्नेछ ।

२) कुनैपनि कर्मचारीले युनियनको साधारण सदस्यता लिन चाहेमा सम्बन्धित कार्यसमितिबाट प्राप्त गर्न सक्नेछ । तर कुनै कार्यालयमा युनियनको समिति नभएमा केन्द्रीय समितिले तोकेको व्यक्ति वा केन्द्र आफैंले सदस्यता वितरण गर्न सक्नेछ ।

(३) क्रियाशील सदस्यता केन्द्रीय कार्यसमितिले प्रदान गर्नेछ । सम्बन्धित जिल्ला र प्रदेश विभागीय कार्यसमितिले प्रदेश कार्यसमितिमार्फत र विभागीय कार्यसमितिले संघीय कार्यसमितिमार्फत सिफारिस गरी केन्द्रमा पठाउनुपर्नेछ ।

(४) माथि उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय कार्यसमितिको निर्णयले क्रियाशील र साधारण सदस्यता प्रदान गर्न बाधा पुग्नेछैन ।

(५) ♣प्रदेश मन्त्रालयमा सदस्यता वितरण प्रदेश विभागीय कार्यसमितिले गर्नेछ तर प्रदेश विभागीय कार्यसमिति गठन नहुँदासम्म सम्बन्धित जिल्ला कार्यसमितिले नै गर्नेछ ।

(६) नेपाल निजामती कर्मचारी युनियनको प्राथमिक, स्थानीय, विभागीय, प्रदेश विभागीय, जिल्ला, प्रदेश र विभागीय समन्वय समितिको कुनै पदमा सदस्य वा पदाधिकारी हुनका लागि सम्बन्धित कार्यालय, स्थानीय, जिल्ला, प्रदेश मन्त्रालय, विभाग/मन्त्रालय, प्रदेश र संघीय क्षेत्रमा पदाधिकार कायम रहेको हुनुपर्नेछ । पदाधिकार नभई काजमा रहेका

कर्मचारीहरू महाधिवेशन प्रतिनिधि हुन पाउनेछैन । तर निजामती सेवा ऐन,२०४९ को दफा १८ (क) को उपदफा (१) मा उल्लेख भए बाहेकका सालबसाली स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीलाई यो व्यवस्था लागू हुनेछैन ।

## ११. सदस्यताको समाप्ति

यस विधानको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा युनियनको साधारण सदस्यता समाप्त हुनेछ :

(१) युनियनको सदस्यबाट राजीनामा दिएमा ।

(२) पदमा वहाल रहेकै अवस्थामा मृत्यु भएमा ।

(३) साधारण, क्रियाशील सदस्य सेवाबाट निवृत्त भएमा ।

(४) दफा ८ को उपदफा (१), (२) बमोजिमका सदस्यले तोकिएको अवधिभित्र सदस्यता नवीकरण नगरेमा ।

(५) युनियनको अहित हुने वा युनियनको उद्देश्य, नीति, सिद्धान्त विपरीतका काम गरेको वा विधानको दफा १२ अनुसारको कुनै सदस्यले आचरण पालना नगरेको ब्यहोराको लिखित जानकारी सम्बन्धित कार्यसमितिमा प्राप्त भएमा साधारण सदस्यको हकमा सम्बन्धित कार्यसमितिको बहुमतले निर्णय गरी सदस्यता खारेज गर्न सक्नेछ ।

(६) ♣सेवाकालीन र क्रियाशील सदस्यको हकमा सम्बन्धित कार्यसमितिको बहुमतको निर्णय भई आएमा केन्द्रीय अनुशासन समितिको सिफारिसमा केन्द्रीय कार्यसमितिको बहुमतले निर्णय गरी सदस्यता खारेज गर्न सक्नेछ । तर सदस्यता खारेज गर्नुपूर्व सम्बन्धित कार्यसमितिले सम्बन्धित सदस्यलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिएको हुनुपर्नेछ ।

---

♣ सातौँ संशोधनबाट थप गरिएको

(७) अन्य ट्रेड युनियनको सदस्यता लिएको प्रमाणित भएमा ।

## १२. सदस्यको आचरण

युनियनको प्रत्येक सदस्यले देहायबमोजिमको आचरण पालना गर्नुपर्नेछ :

(१) युनियनको निर्णयहरूको पालना गर्नुपर्ने ।

(२) युनियनको गोपनीयता भङ्ग गर्न नहुने ।

(३) युनियनको हित र उद्देश्य विपरीतको काम कारबाही गर्न नहुने ।

(४) युनियनको संवर्धन, सुदृढीकरण र उद्देश्य प्राप्तिमा निरन्तर सक्रिय रहनुपर्ने ।

(५) युनियनको तर्फबाट सहभागी हुने कुनै अधिवेशन, बैठक आदिमा प्रतिनिधित्व गर्दा अनुकरणीय आचरण प्रस्तुत गर्नुपर्ने ।

(६) युनियनको विधान तथा केन्द्रीय कार्यसमितिको निर्णय एवम् नीति/निर्देशनहरूको पालना गर्नुपर्ने ।

(७) युनियनको उद्देश्य र भावनाको प्रतिकूल हुने गरी कुनै सामाग्री प्रकाशन एवम् प्रसारण गर्न नहुने ।

(८) ♣केन्द्रीय कार्यसमितिले जारी गरेको कर्मचारी युनियन आचारसंहिता, २०८० को पूर्ण पालना गर्नुपर्ने ।

## १३. ♣...........

## १४. ♣...........

---

♣ सातौं संशोधनबाट थप गरिएको

♣ सातौं संशोधनबाट थप गरिएको

♣ सातौं संशोधनबाट थप गरिएको

# परिच्छेद-५
# युनियनको स्वरूप

**१५. युनियनको स्वरूप देहायबमोजिम हुनेछ :**

(१) प्राथमिक सभा

(२) प्राथमिक कार्यसमिति

(३) स्थानीय सभा

(४) स्थानीय कार्यसमिति

(५) प्रदेश विभागीय सभा/विभागीय सभा/जिल्ला सभा

(६) प्रदेश विभागीय कार्यसमिति/विभागीय कार्यसमिति/जिल्ला कार्यसमिति

(७) प्रदेश सभा/विभागीय समन्वय सभा

(८) प्रदेश कार्यसमिति/विभागीय समन्वय कार्यसमिति

(९) केन्द्रीय सभा

(१०) केन्द्रीय कार्यसमिति

♣**स्पष्टीकरण** : प्रत्येक प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय, आयोग तथा सचिवालयलगायतका कार्यालयलाई समेटी एक प्रदेश विभागीय कार्यसमिति रहेनछ । प्रत्येक प्रदेशमा एक प्रदेश कार्यसमिति रहनेछ । साथै संघीय केन्द्रीयस्तरका कार्यालयहरूको एक छुट्टै विभागीय समन्वय कार्यसमिति रहनेछ । तर प्रदेश सरकारको जिल्लास्थित कार्यालयहरू सम्बन्धित जिल्ला कार्यसमितिको क्षेत्राधिकारभित्र पर्दछन् ।

**१६. प्राथमिक सभा**

संघीय तथा प्रदेशका प्रत्येक कार्यालय, विभाग, मन्त्रालय, आयोग, संवैधानिक अङ्ग/निकाय, सचिवालय, केन्द्रीय स्तरका

---

♣ सातौं संशोधनबाट थप गरिएको

कार्यालयहरूमा युनियनको सदस्यताप्राप्त कर्मचारीहरू सदस्य भएको प्राथमिक सभा गठन हुनेछ ।

## १७. प्राथमिक कार्यसमिति

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - १

(ग) सचिव - १

(घ) कोषाध्यक्ष - १

(ङ) सदस्यहरू - ७

**पुनश्चः** प्राथमिक सभाका सदस्यहरू मध्येबाट निर्वाचित निम्नानुसारको बढीमा ११ पदाधिकारी तथा सदस्यीय रहेको एक प्राथमिक कार्यसमिति गठन हुनेछ । तर सदस्य संख्या ११ भन्दा कम भएमा ७ सदस्यीय र सोभन्दा पनि कम संख्या भएमा न्यूनतम ३ सदस्यीय प्राथमिक कार्यसमिति गठन हुनेछ । उपलब्ध भएसम्म प्राथमिक कार्यसमितिको ३३% पदमा महिलाहरूको प्रतिनिधित्व हुनेछ । प्रत्येक प्राथमिक कार्यसमितिको संख्या ११ पुगेको अवस्थामा एकजना समावेशी सदस्य छनोट गर्नुपर्नेछ ।

## १८. स्थानीय सभा

प्रत्येक स्थानीय तह (पालिका)भित्र रहेका युनियनको सदस्यता प्राप्त कर्मचारीहरू सदस्य भएको स्थानीय सभा गठन हुनेछ ।

## १९. स्थानीय कार्यसमिति

स्थानीय सभा सदस्यहरू मध्येबाट निर्वाचित बढीमा १३ सदस्य रहेको निम्नानुसारको कार्यसमिति गठन गर्नेछन् :

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - १

(ग) उपाध्यक्ष (समावेशी) - १

(घ) सचिव - १

(ङ) सहसचिव १

(च) कोषाध्यक्ष - १

(छ) सदस्य - ७ (सात सदस्य मध्ये खुल्ला-२ जना, महिला- २, श्रेणीविहीन- २ र अध्यक्षबाट मनोनीत- १ जना)

तर महानगरपालिकाको हकमा बढीमा १९ सदस्यीय देहायबमोजिमको कार्यसमिति गठन गर्न सक्नेछ :

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - १

(ग) उपाध्यक्ष (समावेशी) - १

(घ) सचिव - १

(ङ) सहसचिव - १

(च) कोषाध्यक्ष - १

(छ) सदस्य - १३ (तेह्र सदस्य मध्ये खुल्ला-६ जना, महिला- २, श्रेणीविहीन- २,समावेशी (आ.ज./मधेशी/थारु/दलित/पि.क्षे./अपांग) २ र अध्यक्षबाट मनोनीत- १ जना)

## १९.क. ♣प्रदेश विभागीय सभा

प्रत्येक प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय, आयोग तथा सचिवालय लगायतका कार्यालयका प्राथमिक कार्यसमितिका पदाधिकारी र सदस्यहरू रहेको एक प्रदेश विभागीय सभा गठन हुनेछ । प्रत्येक प्रदेशमा एक प्रदेश कार्यसमिति रहनेछ । तर कुनै पनि कार्यालयमा प्राथमिक कार्यसमिति गठन गर्न नपुग्ने सदस्य संख्या (तीन जनाभन्दा कम) भएमा त्यस कार्यालयमा जति सदस्य संख्या रहेका छन्, ती सबै प्रदेश विभागीय सभामा स्वतः प्रतिनिधित्व गर्न पाउने छन् ।

## १९.ख. ♣प्रदेश विभागीय कार्यसमिति

प्रत्येक प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय, आयोग तथा सचिवालय लगायतका कार्यालयलाई समेटी बढिमा १९ सदस्यीय देहाय बमोजिमको प्रदेश विभागीय कार्यसमिति रहेनछ ।

| | | | |
|---|---|---|---|
| (क) | अध्यक्ष | - | १ |
| (ख) | उपाध्यक्ष (खुला) | - | १ |
| (ग) | उपाध्यक्ष (महिला) | - | १ |
| (घ) | उपाध्यक्ष (समावेशी) | - | १ |
| (ङ) | सचिव | - | १ |
| (च) | सचिव (युवा) | - | १ |
| (छ) | कोषाध्यक्ष | - | १ |
| (ज) | सदस्य | - | १२ |

**स्पष्टीकरण :** प्रदेश विभागीय कार्यसमितिका १२ सदस्यहरूमध्ये खुला-५ (पाँच), श्रेणीविहीन - २ (दुई) जना, महिला - २(दुई) जना, समावेशी (आ.ज./मधेशी/थारु/दलित/पि.क्षे./अपाङ्ग) २ (दुई) र कार्यसमितिका अध्यक्षबाट (छुट भएका सेवा, समूह र वर्गहरूको प्रतिनिधित्व हुने गरी) मनोनीत - १(एक) जना सदस्य रहनेछन् ।

## २०. जिल्ला सभा

जिल्लामा रहेका संघीय तथा प्रदेश कार्यालयका प्राथमिक कार्यसमिति र स्थानीय कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू रहेको जिल्ला सभा गठन हुनेछ । तर कुनै पनि कार्यालयमा प्राथमिक कार्यसमिति गठन गर्न नपुग्ने सदस्य संख्या (तीन जनाभन्दा कम) भएमा त्यस कार्यालयमा जति सदस्य संख्या छन् ती सबै जिल्ला सभामा स्वतः प्रतिनिधित्व गर्न पाउनेछन् ।

---

♣ सातौं संशोधनबाट थप गरिएको

## २१. जिल्ला कार्यसमिति

(१) प्रत्येक जिल्लाको जिल्ला सभाले आफूहरूमध्येबाट देहाय बमोजिम पदेन सदस्यबाहेक बढीमा १९ सदस्यीय जिल्ला कार्यसमिति गठन गर्नेछ ।

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष (खुला) - १

(ग) उपाध्यक्ष (महिला) - १

(घ) उपाध्यक्ष (समावेशी) - १

(ङ) सचिव - १

(च) सह-सचिव (युवा) - १

(छ) कोषाध्यक्ष - १

(ज) पदेन सदस्य - जिल्लाभित्रका स्थानीय तह कार्यसमितिका अध्यक्षहरू

(झ) सदस्य - १२

**स्पष्टीकरण :** विभागीय कार्यसमितिका १२ सदस्यहरूमध्ये खुला- ५ (पाच), श्रेणीविहीन - २ (दुई) जना, महिला - २ (दुई) जना, समावेशी (आ.ज./मधेशी/थारु/दलित/पि.क्षे./अपाङ्ग) २ (दुई) र कार्यसमितिका अध्यक्षबाट (छुट भएका सेवा, समूह र वर्गहरूको प्रतिनिधित्व हुने गरी) मनोनीत - १ (एक) जना सदस्य रहनेछन् ।

तर जिल्ला अध्यक्ष पदका लागि कम्तिमा जिल्ला कार्यसमिति/ विभागीय/प्रदेश विभागीय कार्यसमितिमा एक कार्यकाल पूरा नगरेको व्यक्ति उम्मेदवार बन्न पाउनेछैन । यस प्रकारको उम्मेदवार उपलब्ध हुन नसकेमा यो व्यवस्था बाध्यकारी हुनेछैन ।

## २२. विभागीय सभा

(१) प्रत्येक संघीय मन्त्रालय र सोअन्तर्गतका विभाग, संवैधानिक अङ्ग/निकाय, आयोग, केन्द्रीयस्तरका सचिवालय तथा कार्यालयहरूका प्राथमिक कार्यसमितिका पदाधिकारी तथा

सदस्यहरू सदस्य भएको विभागीय सभा गठन हुनेछ । तर एकभन्दा बढी प्राथमिक कार्यसमिति गठन हुन नसक्ने निकायमा युनियनका सबै सदस्यहरू विभागीय सभाका सदस्य हुनेछन् । केन्द्रीयस्तरका सचिवालय/निकाय/कार्यालय भन्नाले अनुसूची ५ मा तोकिएका कार्यालय वा नेपाल सरकारले केन्द्रीयस्तरका कार्यालय भनी तोकिएका सचिवालय/निकाय वा कार्यालयहरूलाई जनाउनेछ ।

(२) सम्बन्धित विभागीय कार्यसमितिको क्षेत्रभित्र पदाधिकार भई कार्यरत रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यहरू स्वतः सम्बन्धित विभागीय सभा सदस्य रहनेछन् ।

## २३. विभागीय कार्यसमिति

(१) प्रत्येक विभागमा विभागीय अधिवेशनले आफूहरू मध्येबाट बढीमा देहायबमोजिमको १९ सदस्यीय विभागीय कार्यसमिति गठन गर्नेछ ।

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष (खुला) - १

(ग) उपाध्यक्ष (महिला) - १

(घ) उपाध्यक्ष (समावेशी) - १

(ङ) सचिव - १

(च) सचिव (युवा) - १

(छ) कोषाध्यक्ष - १

(ज) सदस्य - १२

**स्पष्टीकरण :** विभागीय कार्यसमितिका १२ सदस्यहरूमध्ये खुला- ५ (पाँच), श्रेणीविहीन-२(दुई) जना, महिला - २ (दुई) जना, समावेशी (आ.ज./मधेशी/थारु/दलित/पि.क्षे./अपाङ्ग) २(दुई) र कार्यसमितिका अध्यक्षबाट (छुट भएका

सेवा, समूह र वर्गहरूको प्रतिनिधित्व हुने गरी) मनोनीत - १ (एक) जना सदस्य रहनेछन् ।

(२) महाधिवेशन प्रतिनिधिहरू सम्बन्धित विभागीय कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

## २४. प्रदेश सभा

(१) सदस्य संख्याको आधारमा प्रत्येक जिल्ला, प्रदेश विभागीय सभाबाट प्रदेश सभाका लागि देहायबमोजिम प्रदेश अधिवेशन प्रतिनिधि निर्वाचित पठाउनुपर्नेछ ।
१०० जना सम्म सदस्य भएमा १ जना,
१०१ देखि २०० जना सदस्य भएमा २ जना,
२०१ देखि ३०० जना सदस्य भएमा ३ जना,
३०१ देखि ४०० जना सदस्य भएमा ४ जना,
४०१ देखि ६०० जना सदस्य भएमा ५ जना,
६०१ देखि ९०० जना सदस्य भएमा ६ जना,
९०१ जना माथि जति सदस्य भएमा ७ जना

(२) ३ भन्दा बढी प्रदेश अधिवेशन प्रतिनिधि हुने जिल्ला/विभागबाट महाधिवेशन प्रतिनिधि छनौट गर्दा १ (एक) जना महिला अनिवार्य छनौट गर्नुपर्नेछ ।

(३) ५ भन्दा बढी प्रदेश अधिवेशन प्रतिनिधि निर्वाचित हुने जिल्ला, विभागीय र प्रदेश विभागीय सभाबाट समावेशी सिद्धान्तसमेतलाई मनन गर्दै प्रतिनिधित्व हुन नसकेको फरक समुदाय (उपलब्ध भएसम्म) बाट कम्तीमा एकजना प्रदेश अधिवेशन प्रतिनिधि निर्वाचित गर्नुपर्नेछ ।

**स्पष्टिकरण** : सम्बन्धित प्रदेशभित्र रहेका जिल्ला अधिवेशनबाट छनौट भई आउने प्रदेश अधिवेशन प्रतिनिधि तथा सम्बन्धित प्रदेशका केन्द्रीय महाधिवेशन प्रतिनिधि, प्रदेश विभागीय

कार्यसमितिको अधिवेशनबाट छनौट भई आउने प्रदेश अधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधि, जिल्ला कार्यसमितिका अध्यक्ष, युनियनका तर्फबाट आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्ने जिल्ला अध्यक्ष र सम्बन्धित प्रदेशभित्र पदाधिकार भई कार्यरत तत्काल बहाल रहेका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू रहेको प्रदेश सभा गठन हुनेछ । तर तत्काल बहाल रहेका केन्द्रीय पदाधिकारी, जिल्ला अध्यक्ष र आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व गरेका जिल्ला अध्यक्ष प्रदेश कार्यसमितिका लागि उम्मेदवार बन्न पाउनेछैनन् । बागमती प्रदेशको हकमा संघीय मन्त्रालय वा विभागमा कार्यरत केन्द्रीय पदाधिकारी एवम् सदस्यहरू वागमती प्रदेश सभाको सदस्य हुन योग्य हुनेछैनन् ।

## २५. प्रदेश कार्यसमिति

(१) प्रत्येक प्रदेशमा प्रदेश सभाले आफूहरूमध्येबाट ३ (तीन) वर्षका लागि देहायबमोजिमको पदेन सदस्यबाहेक बढीमा २५ सदस्यीय प्रदेश कार्यसमिति गठन गर्नेछ :

(क) अध्यक्ष- १

(ख) उपाध्यक्ष (खुला)- १

(ग) उपाध्यक्ष (महिला)- १

(घ) उपाध्यक्ष (समावेशी) - १

(ङ) उपाध्यक्ष (स्थानीय तह)- १

(च) प्रदेश महासचिव - १

(छ) सचिव- १

(ज) सचिव (युवा)- १

(झ) कोषाध्यक्ष- १

(ञ) पदेन सदस्य- प्रदेशभित्रका जिल्ला कार्यसमितिका अध्यक्षहरू

(ट) सदस्यहरू - १६

प्रदेश कार्यसमितिका १६ सदस्यहरूमध्ये खुला- ६ (छ), श्रेणीविहीन- २ (दुई) जना, महिला- ३ (तीन) जना, समावेशी (आ.ज./मधेशी/थारु/दलित/पि.क्षे./अपाङ्ग)- २ (दुई), स्थानीय सेवा- २ र कार्यसमितिका अध्यक्षबाट (छुट भएका सेवा, समूह र वर्गहरूको प्रतिनिधित्व हुने गरी) मनोनीत - १ (एक) जना सदस्य रहनेछन् ।

२) प्रदेश कार्यसमितिको अध्यक्ष हुन केन्द्रीय कार्यसमितिको सदस्य, जिल्ला/प्रदेश विभागीय/विभागीय कार्यसमितिको अध्यक्ष वा पदाधिकारी वा प्रदेश कार्यसमितिको पदाधिकारी तथा सदस्य भई एक कार्यकाल पूरा गरेको हुनुपर्ने ।

२६. ..........♣

## २६.क ♣विभागीय समन्वय सभा

संघीय/केन्द्रीयस्तरीय कार्यालय, संवैधानिक निकाय, सचिवालय, आयोग तथा मन्त्रालयहरूमा गठित विभागीय सभाबाट विधानको दफा २८ बमोजिम छनौट भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि, सबै विभागीय कार्यसमितिका अध्यक्ष तथा युनियनको तर्फबाट प्रतिनिधित्व गरेका आधिकारीक ट्रेड युनियनका अध्यक्षहरू र विभागीय समन्वय कार्यसमितिको क्षेत्रभित्र पदाधिकार भई कार्यरत तत्काल वहाल रहेका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू रहेको विभागीय समन्वय सभा गठन हुनेछ । तर विभागीय कार्यसमितिका अध्यक्ष र आधिकारिक ट्रेड युनियनका अध्यक्षहरू विभागीय समन्वय कार्यसमितिका लागि उम्मेदवार बन्न पाउने छैनन् ।

♣ सातौं संशोधनबाट थप गरिएको

♣ सातौं संशोधनबाट थप गरिएको

२७. ............♣

## २७.क. ♣विभागीय समन्वय कार्यसमिति

(१) विभागीय समन्वय सभाबाट ३ वर्षका लागि देहायबमोजिम २३ सदस्यीय कार्यसमिति गठन हुनेछ :

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष (खुला) - १

(ग) उपाध्यक्ष- (महिला) - १

(घ) उपाध्यक्ष समावेशी - १

(ङ) विभागीय समन्वय महासचिव - १

(च) सचिव - १

(छ) कोषाध्यक्ष - १

(ज) सदस्यहरू बढीमा १६

विभागीय समन्वय कार्यसमितिका १६ सदस्यहरूमध्ये खुला-७ (सात), श्रेणीविहीन - २ (दुई) जना, महिला - ३ (तीन) जना, समावेशी (आ.ज./मधेशी/थारु/दलित/पि.क्षे./अपांग)-२ (दुई) र कार्यसमितिका अध्यक्षबाट (छुट भएका सेवा, समूह र वर्गहरूको प्रतिनिधित्व हुने गरी) मनोनीत - २ (दुई) जना सदस्य रहनेछन् ।

## २८. केन्द्रीय सभा

केन्द्रीय सभामा देहायबमोजिमका सदस्य रहनेछन् :

(१) सदस्य संख्याको आधारमा प्रत्येक जिल्ला, विभागीय, प्रदेश विभागीय सभाबाट केन्द्रीय सभाका लागि निर्वाचित गरी पठाइएका देहायानुसारका केन्द्रीय महाधिवेशन प्रतिनिधि हरू :

---

♣ सातौं संशोधनबाट थप गरिएको

♣ सातौं संशोधनबाट थप गरिएको

१०० जना सम्म सदस्य भएमा १ जना,
१०१ देखि २०० जना सदस्य भएमा २ जना,
२०१ देखि ३०० जना सदस्य भएमा ३ जना,
३०१ देखि ४०० जना सदस्य भएमा ४ जना,
४०१ देखि ६०० जना सदस्य भएमा ५ जना,
६०१ देखि ९०० जना सदस्य भएमा ६ जना,
९०१ जनाभन्दा माथि जति सदस्य भएमा ७ जना

(२) ३ भन्दा बढी केन्द्रीय महाधिवेशन प्रतिनिधि हुने जिल्ला/विभागबाट महाधिवेशन प्रतिनिधि छनौट गर्दा १ (एक) जना महिला अनिवार्य छनौट गर्नुपर्नेछ ।

(३) ५ भन्दा बढी केन्द्रीय महाधिवेशन प्रतिनिधि निर्वाचित हुने जिल्ला, विभागीय र प्रदेश विभागीय सभाबाट समावेशी सिद्धान्तसमेतलाई मनन गर्दै प्रतिनिधित्व हुन नसकेका समावेशी समूहबाट कम्तीमा एकजना केन्द्रीय महाधिवेशन प्रतिनिधि निर्वाचित गर्नुपर्नेछ ।

**स्पष्टीकरण** : महाधिवेशन प्रतिनिधिको संख्या निर्धारण गर्नका लागि प्रत्येक जिल्ला/विभागबाट जिल्ला/विभागीय अधिवेशन हुनुपूर्व जिल्ला/विभागीय सभाको सम्पूर्ण सदस्य संख्याको विवरण केन्द्रमा पठाई केन्द्रीय समितिले छानबिन गरी प्रमाणित गरिएको संख्याको आधारमा मात्र महाधिवेशन प्रतिनिधि पठाउनु पर्नेछ । कुनै पनि निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि आफ्नो कार्यक्षेत्र बाहिर सरुवा भई गएमा उक्त केन्द्रीय महाधिवेशन प्रतिनिधि पद स्वतः रिक्त भएको मानिनेछ । तर महाधिवेशनको कार्यतालिका प्रकाशित भइसकेको अवस्थामा निजको सरुवा बढुवा भइ सम्बन्धित कार्यसमितिको कार्यक्षेत्र बाहिर गएमा निजको महाधिवेशन

प्रतिनिधिको पद उक्त महाधिवेशन सम्पन्न नहुँदासम्मको लागि कायम रहनेछ ।

(४) प्रत्येक संवैधानिक अंग/निकाय/आयोग, केन्द्रीयस्तरका सचिवालयहरूबाट दफा २८ (१) बमोजिमको संख्याका आधारमा निर्वाचित भई आएका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरू ।

(५) केन्द्रीय कार्यसमितिको अध्यक्षबाट मनोनीत गरिने ५ जना महिला समेत गरी १० जना र समावेशी सिद्धान्तका आधारमा (आ.ज., मधेशी, दलित, थारु/मुस्लिम, खसआर्य, श्रेणीविहिन) अध्यक्षको प्रस्तावमा केन्द्रीय कार्यसमितिले निर्णय गरी मनोनित गरिएका ५ जना केन्द्रीय महाधिवेशन प्रतिनिधि । तर यसरी मनोनीत केन्द्रीय महाधिवेशन प्रतिनिधि केन्द्रीय कार्यसमितिको पदाधिकारी पदका लागि उम्मेदवार हुन पाउनेछैनन् ।

(६) केन्द्रीय कार्यसमितिका वहालवाला पदाधिकारी र सदस्यहरू स्वतः केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछन् र निर्वाचनमा उम्मेदवार हुन र मत दिन सक्नेछन् । निजहरूले पदाधिकार भएको क्षेत्रबाट नै प्रतिनिधित्व गर्नेछन् । महाधिवेशनबाट केन्द्रीय कार्यसमितिको कुनै पनि पदमा निर्वाचित नभएमा निजहरूको केन्द्रीय महाधिवेशन प्रतिनिधि पद आगामी अधिवेशन तथा महाधिवेशन सुरु भएपछि स्वतः समाप्त हुनेछ ।

(७) दफा ८ को उपदफा (४),(५) र (६) बमोजिम सदस्यता पाएका व्यक्ति वा संस्थाका प्रतिनिधिहरू कुनै पनि निर्वाचनमा उम्मेदवार हुन एवम् महाधिवेशनमा मतदान गर्न पाउनेछैनन् ।

(८) जिल्ला/विभागीय/प्रदेश विभागीय कार्यसमितिका अध्यक्ष केन्द्रीय महाधिवेशन प्रतिनिधिको रूपमा भाग लिई निर्वाचन प्रक्रियामा मतदान गर्न सक्नेछन् तर केन्द्रीय, संघीय र प्रदेश कार्यसमितिको कुनै पनि पदमा उम्मेदवारी दिन पाउनेछैनन् । यो व्यवस्था विभागीय समन्वय कार्यसमिति/प्रदेश कार्यसमितिका पदाधिकारी सदस्य र आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा युनियनको तर्फबाट प्रतिनिधित्व गरी जाने व्यक्तिको हकमा समेत लागू हुनेछ ।

२९. **केन्द्रीय कार्यसमिति :** केन्द्रीय कार्यसमितिको गठन देहायबमोजिम हुनेछ :

(१) नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्यसमिति निम्नबमोजिम पदाधिकारी एवम् सदस्यहरू रहेको (पदेन पदाधिकारी बाहेक) १०७ सदस्यीय कार्यसमिति गठन हुनेछ :

अध्यक्ष- १
वरिष्ठ उपाध्यक्ष- १
उपाध्यक्ष (खुल्ला)- ३
उपाध्यक्ष (खसआर्य)- १
उपाध्यक्ष (महिला)- १
उपाध्यक्ष (मधेसी)- १
उपाध्यक्ष (आदिवासी जनजाति)- १
उपाध्यक्ष (पिछडिएको क्षेत्र)- १
उपाध्यक्ष (श्रेणीविहीन)- १
महासचिव- १
उपमहासचिव- ३
सचिव (खुल्ला)- ७
सचिव (युवा)- १

सचिव (मधेसी)- १

सचिव (आदिवासी जनजाति)- १

सचिव (महिला)- १

सचिव (पि.क्षे.)- १

सचिव (श्रेणीविहीन)- १

सचिव (न्याय सेवा)- १

सचिव (स्थानीय सेवा)- १

सचिव (प्रदेश सेवा)- १

कोषाध्यक्ष- १

पदाधिकारी पदेन (विभागीय समन्वय कार्यसमिति अध्यक्ष १ र प्रदेश अध्यक्षहरू ७) जम्मा- ८

केन्द्रीय सदस्यहरू - ७५

**केन्द्रीय सदस्य ७५ देहायबमोजिम हुनेछन् :**

सदस्य (अध्यक्षको उपविजेता)- १

सदस्य (खुल्ला)- १२

सदस्य (विभागीय समन्वय)- २

सदस्य (महिला)- ७

सदस्य (मधेसी)- ६ (पुरुष ५, महिला १)

सदस्य (आदिवासी जनजाति)- ३ (पुरूष २, महिला १)

सदस्य (श्रेणीविहीन)- ६ (खुल्ला- २, महिला-१, सवारी चालक -१, वन रक्षक- १, हल्कारा हुलाकी-१)

सदस्य (दलित)- २

सदस्य (अपाङ्ग)- १

सदस्य (युवा)- २ (पुरुष १, महिला १)

सदस्य (खसआर्य)- १

सदस्य (पिछडिएको क्षेत्र)- १

सदस्य (अल्पसंख्यक वा मुस्लिम)- १

सदस्य (थारु)- १

सदस्य (प्रदेश)- १४ (प्रत्येक प्रदेशबाट २ जना सदस्य रहनेछन् । नेपाल सरकारबाट प्रदेशको संरचना थपघट भएमा सोही बमोजिम सदस्य संख्या थपघट हुनेछ ।)

सदस्य (सेवा, समूह)- ११ (नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र परराष्ट्र सेवा- १, नेपाल इन्जिनियरिङ सेवा- १, नेपाल कृषि सेवा- १, नेपाल न्याय सेवा- १, नेपाल प्रशासन सेवा- २, नेपाल लेखापरीक्षण सेवा र नेपाल विविध सेवा- १, नेपाल वन सेवा- १, नेपाल शिक्षा सेवा- १, स्वास्थ्य सेवा १, स्थानीय तह १)

सदस्य (मनोनीत)- ४ जना केन्द्रीय अध्यक्षबाट मनोनित हुने

(२) उपदफा (१) मा उल्लिखित पदपूर्ति निर्वाचनको सामान्य प्रचलित सिद्धान्त बमोजिम निम्नानुसारका महाधिवेशन प्रतिनिधिहरूले महाधिवेशनबाट चयन गर्नेछन् :

(क) भौगोलिक क्षेत्र तोकिएका (जस्तै : संघ, प्रदेश र स्थानीय तहबाट निर्वाचित हुने सदस्य) सदस्यको पदहरूमा उम्मेदवारी दिन सोही क्षेत्रबाट प्रतिनिधित्व गर्ने केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनुपर्नेछ । केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूलाई सम्पूर्ण केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूले मतदान गरी चयन गर्नुपर्नेछ ।

(ख) समावेशी पदमा निर्वाचित हुनका लागि सम्बन्धित वर्गको व्यक्तिमात्र उम्मेदवार हुन पाउनेछ ।

(ग) मनोनीत सदस्य केन्द्रीय महाधिवेशन प्रतिनिधि भएको हुनुपर्नेछ ।

(घ) केन्द्रीय सदस्य एवम् पदाधिकारीहरूले भौगोलिक क्षेत्र तोकिएका पदहरूमा आ-आफ्नो पदाधिकार रहेको क्षेत्रभित्रबाट मात्र निर्वाचनमा उम्मेदवारी दिन पाउनेछन् । भौगोलिक क्षेत्र नतोकिएका सबै पदमा मतदान गर्न यसले बन्देज गर्नेछैन ।

(ङ) केन्द्रीय कार्यसमितिका अध्यक्षलगायत पदाधिकारीहरू एउटै पदमा लगातार दुईपटक निर्वाचित भइसकेका व्यक्ति पुनः सोही पदमा उम्मेदवार हुन पाउनेछैनन् ।

(च) ♣प्रदेश अधिवेशन तथा विभागीय समन्वय समितिमा उम्मेदवार भएको व्यक्ति केन्द्रीय कार्यसमितिमा उम्मेदवार हुन पाउनेछैनन् ।

(छ) ♣आठौँ अधिवेशनबाट निर्वाचित पदाधिकारी एवम् सदस्यहरू यसै विधानबमोजिम निर्वाचित भएको मानिनेछ । साथै थप भएका पदहरूको हकमा नवौँ केन्द्रीय महाधिवेशनबाट लागु हुनेछन् ।

**स्पष्टीकरण** : कुनै वर्ग, लिङ्ग, जातिलाई छुट्याइएको समावेशी पदमा कसैको उम्मेदवारी हुन नसकेका कारणबाट रिक्त भएका पदमा मनोनित केन्द्रीय महाधिवेशन प्रतिनिधि बाट पदपूर्ति गर्ने र सोबाट समेत पदपूर्ति हुन नसकेमा खुल्ला प्रतिस्पर्धामा सहभागी भई निर्वाचित हुन नसकेका मध्ये बढी मत प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट क्रमशः पदपूर्ति गरिनेछ । सबै क्लस्टरहरू नेपालको संविधान तथा निजामती सेवा ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ । विभागीय समन्वय कार्यसमिति र प्रदेश

♣ सातौँ संशोधनबाट थप गरिएको

कार्यसमितिका अध्यक्षहरू कोषाध्यक्षपछिको मर्यादाक्रममा रहने गरी पदेन पदाधिकारी हुनेछन् ।

## ३०. कार्यसम्पादन समिति

(१) केन्द्रीय कार्यसमितिको कामकारबाहीलाई प्रभावकारी, चुस्त, दुरुस्त राख्न तथा यो विधानबमोजिम केन्द्रीय कार्यसमितिले तत्काल कुनै निर्णय लिनुपर्ने भएको तर कार्यसमितिको बैठक बस्न सम्भव नभएमा संस्थाको हितमा कुनै निर्णय गर्न केन्द्रीय पदाधिकारी र उपत्यकामा पदाधिकार रहेका केन्द्रीय सदस्यहरू रहेको एउटा केन्द्रीय कार्यसम्पादन समिति रहनेछ । जसको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(२) युनियनको विभागीय समन्वय कार्यसमिति, प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, विभागीय कार्यसमिति, प्रदेश विभागीय कार्यसमितिहरूले यो विधानबमोजिम आफूले सम्पादन गर्ने काम कारबाहीसम्बन्धी विषयमा तत्काल कुनै निर्णय गर्नुपर्ने भएको तर सम्बन्धित कार्यसमितिको बैठक बस्न सम्भव नभएको अवस्थामा संस्थाको हितमा कुनै निर्णय गर्न तथा संस्थाको दैनिक कार्य सञ्चालन गर्न आफूहरूमध्येबाट सम्बन्धित कार्यसमितिको कुल संख्याको ४० प्रतिशतमा नबढ्ने गरी एक कार्यसम्पादन समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) र (३) बमोजिम गठन हुने कार्यसम्पादन समितिले यस विधानको प्रतिकूल नहुने गरी महाधिवेशन/अधिवेशन र सम्बन्धित कार्यसमितिप्रति उत्तरदायी भई जिम्मेवार ढङ्गले संस्थाको हित हुनेगरी कार्यसम्पादन गर्नुपर्नेछ ।

## ३०.क. ♣केन्द्रीय अनुशासन समिति

(१) केन्द्रीय कार्यसमितिको बैठकले वरिष्ठ उपाध्यक्षको संयोजकत्वमा केन्द्रीय पदाधिकारी र सदस्य रहने गरी सात सदस्यीय केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।

(२) केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) युनियनका सदस्यले युनियनको विधान, विनियम, आचारसंहिता र पालना गर्नुपर्ने तोकिएका आचरण पालन गरे, नगरेको सम्बन्धमा छानबिन गरी आवश्यक कारबाहीका लागि केन्द्रीय समितिमा सिफारिस गर्ने ।

(ख) युनियनका मातहतका कार्यसमितिबाट कारबाहीका लागि निर्णय भई आएका विषयको छानबिन गरी केन्द्रीय समितिमा सिफारिस गर्ने ।

(ग) तोकिएका अन्य कार्य गर्ने ।

## ३१. विभागहरूको गठन

(१) केन्द्रीय कार्यसमितिको कार्यमा सहयोग पुऱ्याउन केन्द्रीय कार्यसमितिले केन्द्रमा केन्द्रीय पदाधिकारीको संयोजकत्वमा (१) सङ्गठन तथा प्रशिक्षण विभाग (२) प्रचार प्रसार तथा प्रकाशन विभाग (३) समन्वय विभाग (४) आर्थिक विभाग (५) महिला विभाग (६) अतिरिक्त क्रियाकलाप विभाग (७) न्याय, कानुन तथा नीति निर्माण विभाग (८) गुनासो व्यवस्थापन विभाग (९) सूचना प्रविधि तथा सामाजिक सञ्जाल व्यवस्थापन विभाग (१०) समावेशी विभाग (११)

---

♣ सातौं संशोधनबाट थप गरिएको

सहकारी विभाग (१२) लेखा तथा लेखापरीक्षण विभाग (१३) भौतिक पूर्वाधार तथा निर्माण विभाग (१४) अभिलेख व्यवस्थापन विभाग (१५) मधेशी विभाग (१६) श्रेणीविहीन विभाग (१७) अन्तर्राष्ट्रिय समन्वय विभाग (१८) युवा विभाग लगायत अन्य आवश्यक विभाग गठन गर्न सकिनेछ । सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी बढीमा २१ सदस्यीय विभागहरू गठन गर्न सकिनेछ । केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व हुने सदस्य बाहेक अन्य सदस्यहरू सकेसम्म सम्बन्धित प्रदेश कार्यसमितिको सिफारिसमा चयन हुनेछन् । केन्द्रीय कार्यसमितिको बैठक बस्नुभन्दा अगाडि आ-आफ्नो विभागको बैठक बसी कार्यक्रम तथा प्रगति विवरण केन्द्रीय कार्यसमितिको बैठकमा अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ । जिल्ला/विभागीय/प्रदेश/प्रदेश विभागीय/संघीय कार्यसमितिले आवश्यकताअनुसार उपसमितिहरू गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन भएका विभागहरूले यस विधानको उद्देश्यअनुरूप सङ्गठन सुदृढीकरण तथा विस्तारका माध्यमबाट युनियनलाई निष्पक्ष, तटस्थ, निर्भीक, सक्षम, आकर्षक, गतिशील एवम् जनमुखी बनाउनका लागि अलग-अलग कार्यक्रमहरू तय गरी केन्द्रीय कार्यसमितिलाई जानकारी दिई सम्बन्धित संघीय/प्रदेश कार्यसमितिसँगको समन्वयमा देशका विभिन्न जिल्ला तथा विभागीय क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्ने र हरेक केन्द्रीय कार्यसमितिको बैठकमा अनिवार्य रूपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । यस्ता विभागले केन्द्रीय कार्यसमितिसँग स्वीकृत लिई छुट्टै खाता सञ्चालन गर्न सक्नेछ ।

(३) विभागका अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

## ३२. युनियनका विभिन्न सभाहरूको काम, कर्तव्य र अधिकार

यस विधानको अन्य दफामा लेखिएकोमा बाहेक युनियनका विभिन्न सभाहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) कार्यसमितिले गरेको काम कारबाहीको वार्षिक मूल्याङ्कन गर्ने ।

(२) युनियनको भावी कार्यक्रमहरूको तर्जुमा गर्ने ।

(३) लेखा परीक्षण गरिएको वार्षिक आयव्ययको हिसाबउपर छलफल गरी निर्णय दिने ।

(४) युनियनको आगामी वर्षका लागि कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(५) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

(६) नियमानुसार प्रस्तुत हुन आएको प्रस्तावउपर विचारविमर्श गरी निर्णय गर्ने ।

(७) सम्बन्धित कार्यसमितिको निर्वाचन गर्ने । जिल्ला र विभागीय अधिवेशनको हकमा महाधिवेशन प्रतिनिधिको समेत निर्वाचन गर्ने ।

(८) युनियनको आन्तरिक कार्य व्यवस्थापनका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(९) युनियनका लागि आवश्यक कर्मचारीहरूको सम्बन्धमा निर्णय दिने ।

(१०) युनियनको सम्पूर्ण अधिकार महाधिवेशनमा निहित रहने हुँदा मातहतका अधिवेशन र समितिमा उठेका प्रश्नको अन्तिम रूपमा समाधान गर्ने ।

(११) यस युनियनको विधान संशोधन गर्ने अधिकार विधान अधिवेशन र महाधिवेशनलाई मात्र हुनेछ ।

(१२) विधानअन्तर्गत रहेर विधानमा भएको व्यवस्था कार्यान्वयनका लागि केन्द्रीय कार्यसमितिले आवश्यक विनियम बनाई लागू गर्न सक्नेछ ।

## ३३. युनियनका विभिन्न कार्यसमितिहरूको काम, कर्तव्य र अधिकार

विधानको अधीनमा रही युनियनका विभिन्न कार्यसमितिहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) सम्बन्धित सभाले पारित गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(२) आफ्नो मातहतका समितिहरूलाई नेतृत्व दिँदै युनियन र कर्मचारीहरूको हकहितको निमित्त काम गर्न सधैँ तत्पर रहने ।

(३) आवश्यकतानुसार उपसमिति गठन गरी आफ्नो अधिकार केही वा पूरै दिन सक्ने ।

(४) प्रत्येक वर्ष आयव्ययको विवरण सम्बन्धित सबैको जानकारीका लागि उपलब्ध गराउने ।

(५) विधानविपरीत काम गर्ने सदस्यउपर सफाइको उचित मौका प्रदान गरी अनुशासनको कारबाही गर्ने ।

(६) सम्बन्धित सभाले निर्णय गरेअनुसार आवश्यक कर्मचारी नियुक्ति गर्ने ।

(७) सम्बन्धित समितिको निर्वाचनका लागि निर्वाचन समितिको गठन गर्ने ।

(८) सम्बन्धित सभाको वार्षिक अधिवेशन बोलाउने ।

(९) आ-आफ्नो कार्यसमितिको कार्यक्षेत्रभित्रका आधिकारिक ट्रेड युनियन र युनियनको तालुक कार्यसमितिसँग समन्वय गरी सामूहिक सौदाबाजी गर्ने ।

(१०) बैठक सञ्चालन गर्न आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

(११) विधानको दफा ५८ बमोजिमको रकम समयमै दफा ६० बमोजिम कार्यसमितिहरूमा उपलब्ध गराउनु प्रत्येक स्थानीय, जिल्ला, प्रदेश विभागीय, विभागीय, प्रदेश र संघीय कार्यसमितिको कर्तव्य हुनेछ ।

(१२) युनियनको विभागीय समन्वय, प्रदेश, जिल्ला, प्रदेश. विभागीय र स्थानीय कार्यसमितिलगायतका सम्पूर्ण कार्यसमिति र अन्य समितिका पदाधिकारीहरू एवम् सदस्यको नाम, थर र वतनसहितको व्यक्तिगत विवरण तत् तत् समितिमा राखी तालुक कार्यसमितिसहित केन्द्रीय कार्यसमितिमा अनिवार्य रूपमा पेश गर्नु, गराउनुपर्नेछ ।

(१३) कुनै पनि कार्यसमितिले युनियनको विधान र उद्देश्यविपरीत कार्य गरेमा त्यस्तो कार्यसमितिलाई केन्द्रीय कार्यसमितिको निर्णयले भङ्ग गरी नयाँ कार्यसमिति गठन गर्न सक्नेछ ।

(१४) सम्बन्धित समितिले केन्द्रीय समितिसँग समन्वय गरी आफ्नो क्षेत्रभित्र रहेका नेपाल सरकारका निकायहरूसँग कर्मचारीहरूको हकहितका लागि सामूहिक सौदाबाजी गर्न सक्नेछन् ।

## ३४. कार्यावधि

(१) कार्यसमितिका सदस्य तथा पदाधिकारीहरूको कार्यावधि ३ वर्षको हुनेछ ।

(२) कार्यावधि गणना गर्दा अधिवेशन सम्पन्न भएको मितिबाट तीन वर्ष हुनेछ ।

(३) कुनै कार्यसमितिको निर्वाचन विशेष परिस्थिति पर्न गई समयमा सम्पन्न हुन नसकेमा अर्को निर्वाचन नभएसम्म साविककै कार्यसमितिले कार्य सञ्चालन गर्नेछ । तर यस्तो निर्वाचन पदावधि सकिएपछिको एक वर्षभित्रमा गराइसक्नु पर्नेछ ।

## परिच्छेद-६
## सभा/अधिवेशनसम्बन्धी व्यवस्था

### ३५. वार्षिक साधारण सभा

(१) युनियनको वार्षिक साधारण सभा सम्बन्धित कार्यसमितिले वर्षको एकपटक बोलाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वार्षिक साधारण सभा हुने ठाउँ, मिति र छलफलका विषयहरू समेत उल्लेख गरी कम्तीमा १ महिनाअगावै सभाका सदस्यहरूलाई जानकारी दिनुपर्नेछ ।

३) सम्बन्धित सभाका कम्तीमा ५१ प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा वार्षिक साधारण सभाका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) पहिलोपटक बोलाइएको वार्षिक साधारण सभामा उपदफा (३) बमोजिमको गणपुरक संख्या नपुगेमा ७ दिनको समय दिई दोस्रोपटक अधिवेशन बोलाइनेछ । दोस्रोपटकको साधारण सभामा ३३ प्रतिशत सदस्यहरू उपस्थित भए पनि गणपुरक संख्या पुगेको मानिनेछ ।

### ३६. महाधिवेशन

(१) महाधिवेशन नेपाल निजामती कर्मचारी युनियनको सर्वोच्च अंग हुनेछ । यो प्रत्येक ३ (तीन) वर्षमा एकपटक आयोजना गरिनेछ । महाधिवेशनको गठन देहायबमोजिम हुनेछ :

(क) नेपाल निजामती कर्मचारी युनियनका प्रत्येक जिल्ला/प्रदेश/विभागीय कार्यसमितिबाट विधानको दफा २८ को उपदफा (१) बमोजिम चयन भई आएका व्यक्तिहरू केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछन् ।

(ख) नेपाल निजामती कर्मचारी युनियनको क्रियाशील सदस्यता नवीकरण गरेका नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्यसमितिका वहालवाला पदाधिकारी र सदस्यहरू स्वतः केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछन् ।

**(२) नेपाल निजामती कर्मचारी युनियनको महाधिवेशन देहायबमोजिम हुनेछ :**

(क) कार्यसमितिको पदावधि सकिने अन्तिम वर्ष केन्द्रीय कार्यसमितिले तोकेको मिति र समयमा नेपाल निजामती कर्मचारी युनियनको महाधिवेशन हुनेछ ।

(ख) महाधिवेशन बस्ने मिति, समय र स्थान खुलाई नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्यसमितिले ३५ (पैंतिस) दिनअगावै सबै महाधिवेशनका प्रतिनिधि एवम् सदस्यहरूलाई सूचना गर्नुपर्नेछ । महाधिवेशनमा छलफल हुने विषयवस्तुको समेत जानकारी महाधिवेशनका सबै सदस्यहरूलाई गराउनु केन्द्रीय कार्यसमितिको कर्तव्य हुनेछ । सार्वजनिक सञ्चार माध्यमद्वारा महाधिवेशनको सूचना दिइएकोमा यस दफाबमोजिम सबै सदस्यहरूलाई सूचना दिइएको मानिनेछ ।

(ग) महाधिवेशनको कुल सदस्यहरूमध्ये ५१ प्रतिशत सदस्य उपस्थित भएमा महाधिवेशनको गणपुरक संख्या पुगेको मानिनेछ । तर पहिलोपटक गणपुरक संख्या नपुगी दोस्रो पटक महाधिवेशन बोलाइएको अवस्थामा मौजुदा सदस्य संख्याको ३३ (तेत्तिस) प्रतिशत सदस्यहरू उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) महाधिवेशनमा पेश भएको कुनै प्रस्तावको पक्षमा अधिवेशनमा उपस्थित सदस्यहरू मध्ये ५१ प्रतिशतले मतदान गरेमा उक्त प्रस्ताव पारित भएको मानिनेछ । तर विधान संशोधन गर्ने प्रस्ताव वा केन्द्रीय कार्यसमितिको पदाधिकारी तथा सदस्यउपरको विश्वासको प्रस्तावको पक्षमा भने सभामा उपस्थित सदस्यमध्ये दुई तिहाइले मतदान नगरी त्यस्तो प्रस्ताव पारित भएको मानिनेछैन ।

(ङ) महाधिवेशनमा निर्णयार्थ पेश भएको कुनै प्रस्ताव उपर मतदान हुँदा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(च) महाधिवेशनको अध्यक्षता नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्यसमितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र निज पनि उपस्थित नभएको अवस्थामा त्यस पछिको मर्यादाक्रमको क्रममा रहेका पदाधिकारीको अध्यक्षतामा महाधिवेशन सञ्चालन गरिनेछ ।

(छ) महाधिवेशनको छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**(३) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

(क) नेपाल निजामती कर्मचारी युनियनको नीति तथा कार्यदिशा तर्जुमा गर्ने,

(ख) नेपाल निजामती कर्मचारी युनियनको समग्र काम कारबाहीको मूल्याङ्कन गर्ने तथा भावी रणनीति तयार पार्ने,

(ग) नेपाल निजामती कर्मचारी युनियनले गरेका कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने,

(घ) विधानबमोजिम नेपाल निजामती कर्मचारी युनियनको केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने,

(ङ) कार्यसमितिद्वारा पेश भएको विधान संशोधन प्रस्ताव माथि छलफल गरी स्वीकृत/अस्वीकृत गर्ने,

(च) प्रस्ताव पारित गर्ने तथा घोषणापत्र जारी गर्ने,

(छ) महाधिवेशन भएको वर्ष साधारण सभाले गर्ने सबै काम कारबाही महाधिवेशनले गर्नेछ ।

## ३६.क. ♣महाधिवेशन कार्यतालिका

(१) महाधिवेशन तथा अधिवेशन गर्नका लागि केन्द्रीय कार्यसमितिले बढीमा ६ महिनाको तालिका प्रकाशन गर्नुपर्नेछ । केन्द्रीय कार्यसमितिले प्रकाशन गरेको तालिकाबमोजिम तोकिएको मितिमा अनिवार्य रूपमा क्रमशः स्थानीय कार्यसमिति, जिल्ला/विभागीय/प्रदेश विभागीय, प्रदेश/विभागीय समन्वय र केन्द्रीय महाधिवेशन गर्नुपर्नेछ ।

(२) जिल्ला/विभागीय/प्रदेश विभागीय कार्यसमितिको अधिवेशन सम्पन्न भएको बढीमा एक महिनाभित्र प्रदेश/विभागीय समन्वय कार्यसमितिको अधिवेशन सम्पन्न गर्नुपर्ने र तीन महिनाभित्र केन्द्रीय महाधिवेशन गरिसक्नुपर्नेछ । तर केन्द्रीय महाधिवेशन सम्पन्न गर्न कम्तिमा दुई तिहाइभन्दा बढी प्रदेश विभागीय/विभागीय/जिल्ला/विभागीय समन्वय/प्रदेश कार्यसमितिको अधिवेशन सम्पन्न भएको हुनुपर्नेछ ।

---

♣ सातौं संशोधनबाट थप गरिएको

### ३६.ख. ♣उम्मेदवारको योग्यता

(क) भौगोलिक क्षेत्र तथा तोकिएबाहेकका पदाधिकारी र सदस्यका लागि जुनसुकै केन्द्रीय महाधिवेशन प्रतिनिधिले उम्मेदवार हुन पाउने तर केन्द्रीय कार्यसमितिको अध्यक्ष हुन कम्तीमा १ कार्यकाल केन्द्रीय कार्यसमितिको पदाधिकारीको रूपमा कार्य गरेको हुनुपर्ने । तर पिछडिएको क्षेत्र तर्फबाट पदाधिकारी तथा सदस्य पदमा उम्मेदवार हुन निजको स्थायी ठेगाना र कार्यक्षेत्र पिछडिएको क्षेत्रमै हुनुपर्नेछ ।

(ख) केन्द्रीय कार्यसमितिको पदाधिकारी तथा प्रदेश अध्यक्ष पदमा उम्मेदवार हुन कम्तिमा ३ वर्ष सेवा अवधि बाँकी भएको हुनुपर्नेछ । साथै कसैले झुटा विवरण पेश गरी कुनै पदमा निर्वाचित भएमा निजको पद स्वतः खारेज हुनेछ र सो पदमा निजको निकटतम प्रतिद्वन्दी स्वतः निर्वाचित भएको मानिनेछ ।

(ग) केन्द्रीय कार्यसमितिको पदाधिकार तथा सदस्य पदमा उम्मेदवार हुनको लागि अनिवार्य रूपमा युनियनलाई बुझाउनुपर्ने तोकिएको लेवी, सदस्यता शुल्क, बेरुजु लगायतका अन्य विभिन्न समयमा केन्द्रीय कार्यसमितिले तोकेका सम्पूर्ण शुल्कहरू बुझाउनुपर्नेछ । यदि शुल्क नबुझाएको प्रमाण भेटिएमा उम्मेदवारी स्वत रद्द हुनेछ ।

### ३७. विधान अधिवेशन

(१) युनियनको विधानको कुनै पनि दफा आंशिक वा पूर्ण रूपमा संशोधन गर्न आवश्यक छ भनी केन्द्रीय कार्यसमितिको बहुमतले निर्णय गरेमा उक्त दफा संशोधनका लागि महाधिवेशनमा पेश गर्नुपर्नेछ । महाधिवेशन हुनुअगावै

♣ सातौं संशोधनबाट थप गरिएका

विधानमा संशोधन गर्नुपर्ने भएमा केन्द्रीय कार्यसमितिको निर्णयानुसार कम्तीमा २५ दिनको समय दिई लिखित तथा राष्ट्रिय पत्रपत्रिका वा सञ्चार माध्यमबाट महाधिवेशन प्रतिनिधिहरूलाई अग्रिम सूचना दिई विधान अधिवेशन बोलाउन सकिनेछ ।

(२) मौजुदा केन्द्रीय सभा सदस्यको ५१ प्रतिशत सहभागी भएमा विधान अधिवेशनको गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) उपस्थित केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूको कम्तीमा दुई तिहाइ संख्याको समर्थन भएमा मात्र विधान संशोधनको प्रस्ताव स्वीकृत हुनेछ ।

## ३८. विशेष अधिवेशन

(१) युनियनको कुनै सभाका कम्तीमा २५ प्रतिशत सदस्यहरूले कारण खुलाई लिखित रूपमा विशेष अधिवेशन बोलाउन सम्बन्धित कार्यसमितिलाई लिखित अनुरोध गरेमा निवेदन गरेको ३० दिनभित्र अध्यक्षले बैठक बोलाउनुपर्नेछ । त्यसै गरी कार्यसमितिका दुई तिहाइ सदस्यले कारण खुलाई विशेष अधिवेशन बोलाउन निवेदन गरेमा कम्तीमा एक महिनाको सूचना दिई विशेष अधिवेशन बोलाउनुपर्नेछ ।

(२) विशेष अधिवेशनको कार्यविधि वार्षिक साधारण सभासरह हुनेछ ।

## ३९. छलफल र निर्णय

(१) विशेष अधिवेशनको सम्बन्धित कार्यसमितिको अध्यक्षले र निजको अनुपस्थितिमा केन्द्रको हकमा वरिष्ठ उपाध्यक्षले र अन्य सभा/अधिवेशनको हकमा सम्बन्धित कार्यसमितिका उपाध्यक्षले सभापतित्व गर्नेछ । अध्यक्ष र उपाध्यक्षको

अनुपस्थितिमा सम्बन्धित कार्यसमितिका मर्यादाक्रमको आधारमा पदाधिकारी र पदाधिकारी नभए उपस्थित सदस्यहरूमध्ये ज्येष्ठ सदस्यले सभापतित्व गर्नेछ ।

(२) विशेष अधिवेशनमा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेश गर्नुपर्नेछ ।

(३) छलफलको क्रममा मतदान हुँदा उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमत प्राप्त रायलाई विशेष अधिवेशनको निर्णय मानिनेछ । मत बराबर हुन गएमा सभापतित्व गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

## ४०. माइन्युट राख्नुपर्ने

साधारण सभामा भएको निर्णयको विषयमा एउटा माइन्युट तयार गरी सभापतित्व गर्ने व्यक्ति र अधिवेशनमा उपस्थित कम्तीमा २ जना सदस्यद्वारा प्रमाणित गराई केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिको हकमा सम्वन्धित कार्य समितिका महासचिवले र अन्य कार्यसमितिको हकमा सचिवले अध्यावधिक गराई राख्नुपर्नेछ ।

## ४१. निर्णयको जानकारी दिनुपर्ने

युनियनको प्रत्येक  सभा तथा अधिवेशनमा भएका निर्णयहरूको जानकारीअन्तर्गतका कार्यसमिति र कार्यसमितिमार्फत साधारण सदस्यहरूलाई दिनुपर्नेछ ।

## ४२. वार्षिक साधारण  सभामा पेश गरिने विषयहरू

(१) युनियनको केन्द्रीय  सभाको वार्षिक सधारण सभामा देहायका विषयहरू पेश गर्न सकिनेछ :

(क) युनियनको वार्षिक प्रतिवेदन

(ख) युनियनको वार्षिक कार्यक्रम

(ग) युनियनको वार्षिक बजेट

(घ) विधानअन्तर्गत बनाइने विनियम

(ङ) विधान संशोधन

(च) लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक

(छ) लेखापरीक्षण प्रतिवेदन

(ज) संस्थाको भावी नीति तथा योजना तर्जुमा गर्ने सम्बन्धी ।

(झ) अन्य आवश्यक विषयहरू ।

(२) युनियनको विभागीय समन्वय समिति/प्रदेश-सभा, विभागीय-सभा, जिल्ला-सभा, स्थानीय-सभा र प्राथमिक सभाको वार्षिक अधिवेशनमा देहायका विषयहरू पेश गरिनेछ :

(क) वार्षिक प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम

(ग) वार्षिक बजेट

(घ) कार्यसमितिको भावी नीति तथा योजना

(ङ) अन्य आवश्यक विषयहरू

## परिच्छेद-७

## कार्यसमिति र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### ४३. कार्यसमितिको बैठक र निर्णय

(१) युनियनको कार्यसमितिको बैठक कम्तीमा चार महिनामा एकपटक बस्नेछ । तर अध्यक्षले चाहेमा वा कार्यसमितिका २५ प्रतिशत सदस्यहरूले बैठक बोलाउने भनी लिखित अनुरोध गरेमा सोभन्दा अगावै पनि बैठक बस्न सक्नेछ ।

(२) अध्यक्षको अनुमति लिई बैठक बस्ने, मिति, समय, स्थान र छलफलका विषयहरू तोकी केन्द्रीय कार्यसमिति र विभागीय

समन्वय कार्यसमिति प्रदेश कार्यसमितिको हकमा सम्बन्धित कार्यसमितिको महासचिवले र अन्य कार्यसमितिको हकमा सचिवले बैठक बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता सम्बन्धित कार्यसमितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा केन्द्रीय कार्यसमितिको हकमा वरिष्ठ उपाध्यक्ष र अन्य कार्यसमितिको हकमा उपाध्यक्षले र दुवैजनाको अनुपस्थितिमा समितिका मर्यादाक्रमका आधारमा पदाधिकारीहरू वा पदाधिकारी पनि नभए उपस्थित सदस्यहरूमध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) एकाउन्न प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । तर पहिलोपटक बोलाइएको बैठकमा गणपुरक संख्या नपुगे बढीमा ३ दिनको समय दिई बोलाइएको दोस्रो बैठकमा ३३ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । उक्त बैठकमा पनि गणपुरक संख्या नपुगे तेस्रो बैठक बोलाई २५ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) बैठकमा भएका निर्णय, अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिको हकमा सम्वन्धित कार्यसमितिको महासचिवले र अन्य कार्यसमितिको हकमा सचिवल अध्यावधिक गराई माइन्युट तयार गर्नेछ ।

(७) बैठकसम्बन्धी अन्य कार्यविधि, कार्यसमिति आफैँले निर्धारण गर्न सक्नेछ ।

(८) हरेक बैठकमा विगतको आयव्यय विवरण पेश गर्नुपर्नेछ ।

(९) केन्द्रीय कार्यसमितिको बैठक विभिन्न कारणले बस्न नसकेको वा तत्काल कुनै विषयमा छलफल गरी निर्णय लिनुपर्ने भएमा कार्यसम्पादन समतिको बैठक बोलाई निर्णय गर्न सकिनेछ । तर त्यस्तो निर्णय पछि बस्ने केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

(१०) प्रदेश कार्यसमिति/विभागीय समन्वय समितिले यस विधानसँग नबाझिने गरी आ-आफ्नो कार्यविधि तयार गरी कार्य सञ्चालन गर्न सक्नेछन् ।

## ४४. केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) युनियनलाई नेतृत्व प्रदान गर्ने ।

(२) केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई कार्य जिम्मेवारी किटानी साथ दिन सक्ने र अनुपस्थितमा आफ्नो अधिकार वरिष्ठ उपाध्यक्षलाई दिने ।

(३) युनियनको सम्पूर्ण कार्यको रेखदेख तथा निर्देशन दिने ।

(४) युनियनको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा सेमिनारमा प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा प्रतिनिधित्व गर्ने तथा आफूले प्रतिनिधित्व गर्न नसक्ने भएमा त्यस्तो विषयमा र कार्यक्रममा प्रतिनिधि तोकी पठाउने ।

(५) केन्द्रीय कार्यसमितिको मत बराबर भएमा निर्णयक मत दिने ।

(६) केन्द्रीय कार्यसमितिका अध्यक्षले भैपरी आउने आकस्मिक खर्चको लागि बढीमा रु. १००००० (अक्षेरूपी एक लाख मात्र) खर्च गर्न सक्नेछन् । यसरी गरिएको खर्च केन्द्रीय समितिको आगामी बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

(७) कुनै पदाधिकारी अनुपस्थित रहेको अवस्थामा अस्थायी रूपले कुनै सदस्यलाई निजले गरी आएको काम गर्न तोक्न सक्ने ।

(८) सम्बन्धित समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(९) सम्बन्धित सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।

(१०) अपर्झट आइपर्ने कार्यको सन्दर्भमा पछिका बैठकबाट निर्णय गराउने गरी अध्यक्षको हैसियतले निर्णय दिने ।

(११) युनियनको उद्देश्य प्राप्तिका लागि कार्यहरू गर्ने ।

(१२) केन्द्रीय कार्यसमितिका अध्यक्षले वर्षको कम्तीमा एक पटक सबै प्रदेशको भ्रमण गरी सङ्गठन विस्तार गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्ने ।

(१३) केन्द्रको अध्यक्षले आफ्नो अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षलाई र निज नभए त्यसपछिका मर्यादाक्रमका आधारमा अन्य पदाधिकारी र पदाधिकारी पनि नभए ज्येष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष दिने ।

(१४) तोकिएका अन्य कार्यहरू गर्ने ।

## ४५. वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षद्वारा सम्पादन गर्ने सम्पुर्ण कार्यहरू गर्ने ।

(२) अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।

(३) यस विधानमा उल्लिखित युनियनको उद्देश्य प्राप्तिका लागि आवश्यक काम गर्ने ।

(४) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

(५) संस्थाको हकहितका लागि अध्यक्षले लाए अह्राएका अन्य कामकाज गर्ने ।

## ४६. उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार

### (१) उपाध्यक्ष (खुल्ला) को काम, कर्तव्य र अधिकार

(क) अध्यक्ष र वरिष्ठ उपाध्यक्षको काममा सहयोग गर्ने ।

(ख) युनियनको विधानमा उल्लिखित उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(ग) आफ्नो क्षेत्रभित्र पर्ने कार्यसमितिहरूको मूल्याङ्कन वा निरीक्षण गरी केन्द्रीय कार्यसमितिको बैठकमा पेश गर्ने ।

### (२) उपाध्यक्ष (समावेशीतर्फ) को काम, कर्तव्य र अधिकार

(क) अध्यक्ष र वरिष्ठ उपाध्यक्षको काममा सहयोग गर्ने ।

(ख) युनियनको विधानमा उल्लिखित उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(ग) आफूले प्रतिनिधित्व गर्ने समूहसँग समन्वय, सहकार्य सम्बन्धी कार्यहरू गर्ने ।

## ४७. महासचिवको काम, कर्तव्य र अधिकार

(१) युनियनको दैनिक प्रशासनिक कार्य सुचारु रूपले सञ्चालन गर्न मातहतका समितिलाई मार्गदर्शन तथा परिचालन गर्ने ।

(२) अध्यक्षको परामर्शमा केन्द्रीय कार्यसमितिको बैठक बोलाउने । माइन्युट लेख्ने र सुरक्षित साथ राख्ने । पारित निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(३) अध्यक्षको निर्देशनअनुसार केन्द्रीय समिति र अन्य समितिहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(४) युनियन केन्द्रीय कार्यसमितिको निर्णयबाट पारित वार्षिक योजनाहरू कार्यान्वयन गर्ने गराउने ।

(५) मातहतका योजनाहरूको सुपरिवेक्षण, मूल्याङ्कन तथा रेखदेख गरी अध्यक्ष तथा समितिलाई जानकारी गराउने ।

(६) बैठकका लागि प्रस्ताव तयार गर्ने । प्रत्येक बैठकमा कार्यसमितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने । (

(७) प्रदेश/उपत्यका समन्वय/जिल्ला/विभागीय/प्रदेश विभागीय र स्थानीय कार्यसमितिमा भएका कामकारबाहीको सुपरिवेक्षण र मूल्याङ्कन गर्ने ।

(८) आफूले गरेका कामकारबाहीको सम्बन्धमा अध्यक्षलाई जानकारी गराउने र अध्यक्षसँग सहमति लिई अन्य कार्य गर्ने ।

(९) केन्द्रीय कार्यसमितिको दैनिक कार्य सञ्चालन गर्ने तथा मातहतका कर्मचारीको रेखदेख तथा नियन्त्रण गर्ने ।

(१०) युनियनको कागजात तथा चल अचल सम्पत्तिको संरक्षण गर्ने ।

(११) युनियनको गतिविधिका लागि पछि कार्यसमितिको बैठकबाट अनुमोदन गर्ने गरी बढीमा रु.२५,०००।- (अक्षेरुपी पच्चिस हजार मात्र) सम्म भैपरी आउने आकस्मिक खर्च गर्न सक्नेछ ।

(१२) मातहतका कार्यसमितिहरूमा पत्राचार गर्ने ।

(१३) युनियनको उद्देश्य प्राप्तिका लागि अन्य आवश्यक कामहरू गर्ने ।

(१४) बैठकले गरेको निर्णयको कार्यान्वयन एवम् अन्य गतिविधि सम्बन्धमा कार्यसमितिलाई जानकारी गराउने ।

(१५) युनियनका सबै कार्यसमितिहरू तथा सदस्यहरूको रेकर्ड अध्यावधिक गरी राख्ने ।

## ४८. उप-महासचिवको काम कर्तव्य र अधिकार

१) महासचिव उपस्थित नभएको समयमा महासचिवले गर्ने भनी तोकिएका कार्यहरू गर्ने ।

२) महासचिवको निर्देशनमा युनियनको प्रशासनिक कार्यको रेखदेख र नियन्त्रण गर्ने ।

३) महासचिवको कार्यमा सहयोग गर्ने ।

४) महासचिवले तोकेका अन्य कार्यहरू गर्ने ।

## ४९. सचिवको काम, कर्तव्य र अधिकार

(१) केन्द्रीय कार्यसमितिको सचिवले महासचिव तथा उपमहासचिवले गर्ने भनिएको कार्यमा निजहरूलाई सहयोग गर्ने । निजको निर्देशनमा युनियनको दैनिक प्रशासनिक कार्यको रेखदेख र नियन्त्रण गर्ने ।

(२) तोकिएका अन्य कार्य गर्ने ।

## ५०. .............

## ५१. कोषाध्यक्षको काम कर्तव्य र अधिकार

(१) युनियनको आर्थिक कारोबार तथा भौतिक सम्पत्तिको रेखदेख नियन्त्रण र बन्दोबस्त गर्ने ।

(२) युनियनको वार्षिक बजेट र यसको बाँडफाँडसम्बन्धी विवरण तयार पारी सम्बन्धित सभामा पेश गरी स्वीकृत गराउने ।

(३) युनियनको रकम, दस्तुर आदि असुलउपर गर्ने गराउने ।

(४) युनियनको आर्थिक सुदृढीकरणका लागि अध्यक्षको परामर्शमा विभिन्न योजना तर्जुमा गर्ने ।

(५) अध्यक्षको निर्देशनानुसारका कामहरू गर्ने ।

(६) मातहतका समितिहरूको आर्थिक व्यवस्था सम्बन्धमा निरीक्षण गर्ने,गराउने ।

(७) युनियनलाई आर्थिक रूपले सक्षम बनाउन आर्थिक नेतृत्व प्रदान गर्ने र आर्थिक गतिविधिसम्बन्धी विषयमा आवश्यकता अनुसार पत्राचार गर्ने ।

(८) हरेक बैठकमा सोभन्दा अघिल्लो बैठकदेखि हालको बैठक हुने अघिल्लो महिनाको मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण पेश गर्नुपर्नेछ । तर एकै महिनामा २ वटा बैठक भएमा अन्तिम बैठकमा मात्र पेश गरे पुग्नेछ ।

(९) समितिले तोकिदिएको अन्य कामहरू गर्ने गराउने ।

## ५२. केन्द्रीय सदस्यको काम, कर्तव्य र अधिकार

(१) केन्द्रीय कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव वा सचिवले तोकिदिएको कार्य गर्ने ।

(२) बैठकमा नियमित रूपले भाग लिने ।

(३) बैठकका निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

(४) विविध कार्यमा सहयोग पुऱ्याउने ।

(५) समितिहरूको बैठकमा पछिल्लोपटक सम्पन्न बैठकदेखि हालसम्मको अवधिमा आफूले प्रतिनिधित्व गरेको क्षेत्रको वस्तुस्थिति एवम् प्राप्त अन्य जानकारीसहितको लिखित प्रतिवेदन पेश गर्ने ।

(६) समावेशी केन्द्रीय सदस्यहरूको हकमा सम्बन्धित वर्गको हकहित, सुरक्षा र प्रवर्द्धनका लागि निरन्तर क्रियाशील रहने ।

(७) तोकिएका अन्य कार्य गर्ने ।

## ५३. केन्द्रीय महाधिवेशन प्रतिनिधि हरूको काम, कर्तव्य र अधिकार

(१) सम्बन्धित स्थानीय, प्रदेश विभागीय, विभागीय, जिल्ला, विभागीय समन्वय कार्यसमिति र केन्द्रीय कार्यसमितिको बीचमा समन्वय गर्ने ।

(२) सम्बन्धित स्थानीय, जिल्ला र विभागीय कार्यसमितिको गतिविधिहरूलाई समय-समयमा केन्द्रमा जानकारी गराउने ।

(३) विशेष अधिवेशन, विधान अधिवेशन र महाधिवेशनमा सहभागी हुने ।

**५४.** केन्द्रीय कार्यसमितिका पदाधिकारीहरू तथा सदस्यहरूले यस विधानमा उल्लेखित काम, कर्तव्य र अधिकारका साथै आफूले प्रतिनिधित्व गरेको कार्य क्षेत्रको र समावेशी सिद्धान्तको आधारमा सम्बन्धित वर्गको समेत वास्तविक स्थितिको जानकारी र कार्यसमितिले तोकेको अन्य जिम्मेवारी भए सोसमेतको प्रगति प्रतिवेदन तथा कार्ययोजनासहितको सङ्गठन सुदृढीकरण र विस्तारका लागि आफूले गरेको प्रयास र उपलब्धि तथा आगामी कार्ययोजनासमेतको लिखित प्रतिवेदन प्रत्येक बैठक बस्नुभन्दा ७ दिनअगावै कार्यालयमा दर्ता गराउनुपर्नेछ । यसरी प्राप्त भएका प्रतिवेदनहरूको अध्ययन गरी महासचिवले दफा ४७ को उपदफा (६) बमोजिम बैठकमा लिखित प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

## ५४.क. ♣प्रदेश/विभागीय समन्वय कार्यसमितिका अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) प्रदेश/विभागीय समन्वय युनियनलाई नेतृत्व प्रदान गर्ने ।

(२) प्रदेश/विभागीय समन्वय युनियनको सम्पूर्ण कार्यको रेखदेख तथा निर्देशन दिने ।

---

♣ सातौँ संशोधनबाट थप गरिएका

(३) केन्द्रीय कार्यसमितिले दिएका निर्देशन पालना गर्ने,गराउने ।

(४) प्रदेश/विभागीय समन्वय युनियनको तर्फबाट प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा प्रतिनिधित्व गर्ने तथा आफूले प्रतिनिधित्व गर्न नसक्ने भएमा त्यस्तो विषयमा र कार्यक्रममा प्रतिनिधित्व तोकी पठाउने ।

(५) मत बराबर भएमा निर्णयक मत दिने ।

(६) प्रदेश/विभागीय समन्वय अध्यक्षले भैपरी आउने आस्मिक खर्चको लागि बढीमा रु.२५,०००।- (अक्षेरुपी पच्चिस हजार मात्र ) खर्च गर्न सक्नेछन् । यसरी गरिएको खर्च सम्बन्धित समितिको आगामी बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

(७) कुनै पदाधिकारी अनुपस्थित रहेको अवस्थामा अस्थायी रूपले कुनै सदस्यलाई निजले गरी आएको काम गर्न तोक्न सक्ने ।

(७) प्रदेश/विभागीय समन्वय युनियनको हितका लागि आवश्यक नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

(८) सम्बन्धित समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(९) सम्बन्धित सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।

(१०) अपर्भmट आइपर्ने कार्यको सन्दर्भमा पछिका बैठकबाट निर्णय गराउने गरी अध्यक्षको हैसियतले निर्णय दिने ।

(११) युनियनको उद्देश्य प्राप्तिका लागि कार्यहरू गर्ने ।

(१२) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षलाई कार्यभार दिने ।

(१३) आफ्नो प्रदेशभित्रका जिल्ला कार्यसमिति तथा प्रदेश विभागीय कार्यसमितिका साङ्गठनिक गतिविधिको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिई सोको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेश गर्ने ।

## ५४.ख. ♣प्रदेश/विभागीय समन्वय कार्यसमितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको काममा सहयोग गर्ने ।

(ख) युनियनको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

## ५४.ग. ♣प्रदेश/विभागीय समन्वय कार्यसमितिका महासचिवको काम, कर्तव्य र अधिकार

(१) प्रदेश/विभागीय समन्वय कार्यसमितिका महासचिवहरूले आ-आफ्नो समितिका अध्यक्षको निर्देशनमा सम्बन्धित कार्यसमितिको दैनिक प्रशासन सञ्चालन गर्ने, बैठकमा माइन्युट लेख्ने र सम्पूर्ण कागजातहरूको हिफाजत गरी सुरक्षित राख्ने ।

(२) तोकिएका अन्य कार्य गर्ने ।

## ५४.घ. ♣प्रदेश/विभागीय समन्वय कार्यसमितिका सचिवको काम, कर्तव्य र अधिकार

(१) प्रदेश/विभागीय समन्वय कार्यसमितिको सचिवले प्रदेश/विभागीय समन्वय कार्यसमितिका महासचिवले गर्ने भनिएको कार्यमा निजहरूलाई सहयोग गर्ने । निजको निर्देशनमा युनियनको दैनिक प्रशासनिक कार्यको रेखदेख गर्ने ।

(२) तोकिएका अन्य कार्य गर्ने ।

---

♣ सातौँ संशोधनबाट थप गरिएका

♣ सातौँ संशोधनबाट थप गरिएका

♣ सातौँ संशोधनबाट थप गरिएका

### ५४.ङ.[♣] जिल्ला अध्यक्ष/विभागीय अध्यक्ष/प्रदेश विभागीय अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) जिल्ला/विभागीय/प्रदेश विभागीय युनियनको नेतृत्व प्रदान गर्ने ।

(२) जिल्ला/विभागीय/प्रदेश विभागीय युनियनको सम्पूर्ण कार्यको रेखदेख तथा निर्देशन दिने ।

(३) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई कार्यभार दिने ।

(४) जिल्ला/विभागीय/प्रदेश विभागीय युनियनको तर्फबाट प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा प्रतिनिधित्व गर्ने तथा आफूले प्रतिनिधित्व गर्न नसक्ने भएमा त्यस्तो विषयमा र कार्यक्रममा प्रतिनिधित्व तोकी पठाउने ।

(५) मत बराबर भएमा निर्णायक मत दिने ।

(६) जिल्ला/विभागीय/प्रदेश विभागीय अध्यक्षले भैपरी आउने आकास्मिक खर्चको लागि बढीमा रु.२५,०००।- (अक्षेरुपी पच्चिस हजार मात्र) खर्च गर्न सक्नेछन् । यसरी गरिएको खर्च सम्बन्धित समितिको आगामी बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

(७) कुनै पदाधिकारी अनुपस्थित रहेको अवस्थामा अस्थायी रूपले कुनै सदस्यलाई निजले गरी आएको काम गर्न तोक्न सक्ने ।

(८) जिल्ला/विभागीय/प्रदेश विभागीय युनियनको हितका लागि आवश्यक नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

(९) कार्यसमितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(१०) सम्बन्धित सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।

---

♣ सातौं संशोधनबाट थप गरिएका

(११) अपर्झट आइपर्ने कार्यको सन्दर्भमा पछिका बैठकबाट निर्णय गराउने गरी अध्यक्षको हैसियतले निर्णय दिने ।

(१२) युनियनको उद्देश्य प्राप्तिका लागि कार्यहरू गर्ने ।

**५४.च.♣जिल्ला/विभागीय/प्रदेश विभागीय/स्थानीय कार्यसमितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको काममा सहयोग गर्ने ।

(ख) युनियनको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा तोकेको अन्य कार्य गर्ने ।

**५४.छ.♣जिल्ला/विभागीय/प्रदेश विभागीय/स्थानीय कार्यसमितिका सचिवको काम, कर्तव्य र अधिकार**

१) जिल्ला/विभागीय/प्रदेश विभागीय समितिका सचिवहरूले आ-आफ्नो समितिका अध्यक्षको निर्देशनमा सम्बन्धित कार्यसमितिको दैनिक प्रशासन सञ्चालन गर्ने, बैठकमा माइन्युट लेख्ने र सम्पूर्ण कागजातहरूको हिफाजत गरी सुरक्षित राख्ने ।

२) तोकिएका अन्य कार्य गर्ने ।

**५४.ज.♣ जिल्ला/विभागीय सह-सचिवको काम, कर्तव्य र अधिकार**

जिल्ला/विभागीय कार्यसमितिको सचिवले गर्ने भनेको कार्यमा निजलाई सहयोग गर्ने निजको निर्देशनमा युनियनको दैनिक

---

♣ सातौँ संशोधनबाट थप गरिएका

♣ सातौँ संशोधनबाट थप गरिएका

♣ सातौँ संशोधनबाट थप गरिएका

प्रशासनिक कार्यको रेखदेख गर्ने र सचिवको अनुपस्थितिमा निजले गरी आएका कार्यहरू गर्ने ।

**५४.झ.♣स्थानीय कार्यसमिति/प्राथमिक कार्यसमिति अध्यक्षको काम कर्तव्य र अधिकार**

(१) आफ्नो कार्यक्षेत्रभित्रको युनियनको नेतृत्व गर्ने ।

(२) युनियनको सम्पूर्ण कार्यको रेखदेख तथा निर्देशन दिने ।

(३) आफ्नो कार्यक्षेत्रभित्र युनियनको तर्फबाट प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा प्रतिनिधित्व गर्ने तथा आफूले प्रतिनिधित्व गर्न नसक्ने भएमा त्यस्तो विषयमा र कार्यक्रममा प्रतिनिधित्व तोकी पठाउने ।

(४) मत बराबर भएमा निर्णायक मत दिने ।

(५) अध्यक्षले भैपरी आउने आकस्मिक खर्चको लागि बढीमा रु. १५,०००।- (अक्षेरुपी पन्ध्र हजार मात्र) खर्च गर्न सक्नेछन् । यसरी गरिएको खर्च सम्बन्धित समितिको आगामी बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(६) कुनै पदाधिकारी अनुपस्थित रहेको अवस्थामा अस्थायी रूपले कुनै सदस्यलाई निजले गरी आएको काम गर्न तोक्न सक्ने ।

(७) युनियनको हितका लागि आवश्यक नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

**५४.ञ.♣स्थानीय कार्यसमितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको काममा सहयोग गर्ने ।

---

♣ सातौं संशोधनबाट थप गरिएका

♣ सातौं संशोधनबाट थप गरिएका

(ख) युनियनको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा तोकेको अन्य कार्य गर्ने ।

**५४.ट. ♣स्थानीय कार्यसमितिका सचिवको काम, कर्तव्य र अधिकार**

स्थानीय कार्यसमितिका सचिवहरूले आ-आफ्नो समितिका अध्यक्षको निर्देशनमा सम्बन्धित कार्यसमितिको दैनिक प्रशासन सञ्चालन गर्ने, बैठकमा माइन्युट लेख्ने र सम्पूर्ण कागजातहरूको हिफाजत गरी सुरक्षित राख्ने ।

**५४.ठ. ♣स्थानीय कार्यसमितिका सह-सचिवको काम, कर्तव्य र अधिकार**

स्थानीय कार्यसमितिको हकमा सचिवले गर्ने भनेको कार्यमा निजलाई सहयोग गर्ने निजको निर्देशनमा युनियनको दैनिक प्रशासनिक कार्यको रेखदेख गर्ने र सचिवको अनुपस्थितिमा निजले गरी आएका कार्यहरू गर्ने ।

**५४.ड. ♣सदस्यको काम, कर्तव्य र अधिकार**

(१) समितिका अध्यक्ष, महासचिव वा सचिवले तोकिदिएको कार्य गर्ने ।

(२) समितिको बैठकमा नियमित रूपले भाग लिने ।

(३) समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

(४) समितिको विविध कार्यमा सहयोग पुऱ्याउने ।

(५) समितिहरूको बैठकमा पछिल्लोपटक सम्पन्न बैठकदेखि हालसम्मको अवधिमा आफूले प्रतिनिधित्व गरेको क्षेत्रको

---

♣ सातौं संशोधनबाट थप गरिएका

♣ सातौं संशोधनबाट थप गरिएका

♣ सातौं संशोधनबाट थप गरिएका

वस्तुस्थिति एवम् प्राप्त अन्य जानकारी सहितको लिखित प्रतिवेदन हरेक सदस्यले सम्बन्धित कार्यसमितिको बैठकमा अनिवार्य रूपमा दिनुपर्नेछ ।

(६) समावेशी केन्द्रीय सदस्यहरूको हकमा सम्बन्धित वर्गको हकहित, सुरक्षा र प्रवर्द्धनका लागि निरन्तर क्रियाशील रहने ।

(७) आफू मातहतका कार्यसमितिहरूको र केन्द्रले तोकेका अन्य कार्यसमितिहरूको अनुगमन गर्ने, पद रिक्त भए पदपूर्ति गर्ने, गराउने, नियमित बैठक राख्न लगाउने, साधारण सदस्य र क्रियाशील सदस्यहरूको लगत राख्न लगाउने, समावेशी सदस्यहरूको हकमा समावेशी समूहको सदस्यहरूको हकहितका कार्य गर्ने, लगत राख्ने, केन्द्रीय कार्यसमिति र सम्बन्धित कार्यसमितिबीच समन्वयको भूमिका निर्वाह गर्ने ।

(८) आफ्नो क्षेत्रभित्रका कार्यसमितिको कार्यक्रम तथा गतिविधिमा भाग लिने, समस्याको समाधान गर्ने, समाधान हुन नसक्ने विषयहरू संघीय/प्रदेश कार्यसमिति मार्फत केन्द्रमा ल्याई समाधान गराउनेतर्फ पहल गर्ने ।

(९) आफ्नो कार्यक्षेत्रका स्थानीय, जिल्ला तथा विभागीय कार्यसमितिका लागि नेपाल सरकारका स्थानीय, जिल्ला तथा विभागीयस्तरका प्रमुखसँग छलफल, वार्ता, संवाद र सामूहिक सौदाबाजी गर्ने ।

## परिच्छेद-८
## पदको रिक्तता र पदपूर्तिसम्बन्धी व्यवस्था

### ५५. पद रिक्त हुने

देहायको अवस्थामा कार्यसमिति वा केन्द्रीय सभाका सदस्यको पद रिक्त हुनेछ :

(१) दफा ८ को उपदफा (१) र (२) बमोजिम सदस्यता कायम नरहेमा ।

(२) दफा ६३ बमोजिम सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

(३) दफा ७ विपरीत सरुवा भई गएमा ।

(४) एक वर्ष वा सोभन्दा बढी अवधिका लागि विदेश गएमा ।

(५) महाधिवेशन प्रतिनिधि केन्द्रीय कार्यसमितिमा निर्वाचित वा मनोनीत भएमा भने उक्त पद रिक्त भएको मानिनेछैन ।

(६) कुनै पनि कार्यसमितिका सदस्य वा पदाधिकारी विनासूचना लगातार तीन पटकसम्म कार्यसमितिको बैठकमा अनुपस्थित रहेमा केन्द्रीय कार्यसमितिको हकमा महासचिवले र अन्य कार्यसमितिको हकमा सचिवले कार्यसमितिको बैठकमा पेश गरी कार्यसमितिको निर्णयले सदस्यबाट हटाइएको व्यहोरा सम्बन्धित पदाधिकारी/सदस्य निर्वाचित भई आएको क्षेत्रका अधिवेशन प्रतिनिधिहरूलाई सूचना प्रकाशित गरी निजको पद रिक्त भएको जानकारी दिनुपर्नेछ ।

## ५६. रिक्त पदपूर्ति

विधानको दफा ५५ बमोजिम कुनै पद रिक्त भएमा बाँकी अवधिका लागि तत्काल कायम रहेको सम्बन्धित कार्यसमितिको सामान्य बहुमतको निर्णयले पदपूर्ति गर्न सक्नेछ तर मनोनीत सदस्यको हकमा सम्बन्धित कार्यसमितिको मनोनित सदस्य नियुक्ति गर्न तोकिएबमोजिमको प्रक्रियाद्वारा नै पदपूर्ति गरिनेछ ।

## ५७. निर्वाचन प्रक्रिया

युनियनको कुनै पनि कार्यसमितिको निर्वाचन प्रक्रिया निर्वाचनको प्रचलित सामान्य सिद्धान्तबमोजिम विनियमसमेत तयार गरी सोहीअनुसार हुनेछ ।

## परिच्छेद-९
## आर्थिक व्यवस्था

### ५८. युनियनको कोष

युनियनको कोषमा देहायबमोजिमको रकमहरू रहनेछन् :

(१) साधारण सदस्यता र क्रियाशील सदस्यता शुल्कबापत उठेको रकम ।

(२) नेपाल सरकारबाट युनियनका लागि प्राप्त अनुदान रकम ।

(३) युनियनका लागि प्राप्त सहयोग रकम वा युनियनले आर्जेको अन्य रकम ।

(४) विधानको दफा ८ र ९ बमोजिमको रकम ।

(५) युनियनको सम्पूर्ण खर्च कोषबाट व्यहोरिनेछ ।

(६) युनियनको नामबाट बाणिज्य बैंकमा एउटा खाता खोलिनेछ र युनियनको नाममा प्राप्त हुन आएको रकम सोही खातामा जम्मा गरिनेछ ।

(७) नेपाल निजामती कर्मचारी युनिनियको खाता सञ्चालन कार्यसमितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट गरिनेछ ।

### ५८.क. ♣युनियनको सहकारी

(१) नेपाल निजामती कर्मचारी युनियनको केन्द्रमा एक केन्द्रीयस्तरको र प्रत्येक जिल्लामा एक जिल्लास्तरीय सहकारी हुनेछ ।

---

♣ सातौं संशोधनबाट थप गरिएको

## ५९. लेखा र लेखापरीक्षण

(१) युनियनको आर्थिक कारोबारको लेखा दोहोरो लेखा प्रणाली (Double Entry System) बमोजिम हुनेछ ।

(२) नेपाल सरकारद्वारा स्वीकृत लेखा परीक्षकबाट प्रत्येक वर्ष युनियनको आर्थिक कारोबारको लेखा परीक्षण गराई त्यसको एक प्रति प्रतिवेदन युनियन दर्ता भएको कार्यालयमा पठाउनुपर्नेछ ।

(३) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धित कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

(४) प्रत्येक समितिले युनियनको आर्थिक कारोबारको सम्पूर्ण स्रेस्ता अध्यावधिक गरी राख्नुपर्नेछ । यसरी राखिएको आर्थिक आयव्ययको विवरण प्राथमिक तथा स्थानीय कार्यसमितिले तालुकको जिल्ला/विभागीय कार्यसमितिमा, जिल्ला कार्यसमितिहरूले सम्बन्धित प्रदेश र केन्द्रीय कार्यसमितिमा, विभागीय कार्यसमितिहरूले संघीय र केन्द्रीय कार्यसमितिमा र यसै गरी प्रदेश तथा संघीय कार्यसमितिले केन्द्रीय कार्यसमितिमा प्रत्येक ६/६ महिनामा अनिवार्य रूपमा पठाउनपर्नेछ ।

## ६०. ............♣

## ६१. कल्याणकारी कोष

युनियनका सदस्यहरूको हकहित र आपतकालीन आर्थिक सहयोग पुऱ्याउनका लागि एक कल्याणकारी कोषको स्थापना गरिनेछ । केन्द्रीय कार्यसमितिको वार्षिक बचत रकमको कम्तीमा दश प्रतिशत रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्नेछ । यसको सञ्चालन छुट्टै कार्यविधि बनाई सोहीबमोजिम गरिनेछ ।

♣ सातौं संशोधनबाट खारेजी

# परिच्छेद-१०
# विविध

## ६२. विधान संशोधन

देहायको अवस्थामा विधान संशोधन हुनेछ :

(१) यस विधानमा लेखिएको कुनै दफा संशोधन गर्नुपरेमा वा थपघट गर्नुपरेमा महाधिवेशन तथा विधान अधिवेशनमा उपस्थित महाधिवेशन प्रतिनिधिहरूको दुई तिहाइ बहुमतले पारित गर्नुपर्नेछ । संशोधित दफा निजामती सेवा ऐन २०४९ बमोजिम नेपाल सरकारबाट स्वीकृत प्राप्त भएको मितिदेखि लागू हुनेछ ।

(२) युनियनको विधानको कुनै पनि दफा आंशिक वा पूर्ण रूपमा संशोधन गर्न आवश्यक छ भनी केन्द्रीय कार्यसमितिको बहुमतले निर्णय गरेमा उक्त दफा संशोधनका लागि महाधिवेशन तथा विधान अधिवेशनमा पेश गर्नुपर्नेछ । महाधिवेशनअगावै विधानमा संशोधन गर्नुपर्ने भएमा लिखित तथा राष्ट्रिय पत्रपत्रिका वा सञ्चार माध्यमबाट महाधिवेशन प्रतिनिधिहरूलाई अग्रिम सूचना दिनुपर्नेछ ।

(३) यो परिमार्जित विधान केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन भएपछि महाधिवेशन वा विधान अधिवेशनबाट पारित हुनुभन्दा अगाडि भएगरेका कामकारबाही यसै विधानबमोजिम भएको मानिनेछ ।

## ६२.क. ♣सरुवा हुन वा गर्न नपाइने

सामान्यतया केन्द्रीय कार्यसमितिका पदाधिकारी एवम् सदस्यहरूका साथै अन्य कुनै पनि समितिका पदाधिकारी तथा सदस्यहरू आफ्नो

पदावधिभर आफू कार्यरत रहेको क्षेत्रबाहिर सरुवा भई जान पाइनेछैन । सरुवा हुनुपर्ने आवश्यकता महसुस भएमा सम्बन्धित समितिको सहमति वा सिफारिसमा मात्र सरुवा हुन पाइनेछ । तर आफूखुसी सरुवा भई गएमा निजको पद स्वतः समाप्त भएको मानिनेछ ।

**स्पष्टीकरण** : शारीरिक अस्वस्थता भएमा चिकित्सकको सिफारिसको आधार तथा सम्बन्धित कर्मचारीको बढुवा हुने एकिन भएमा सम्बन्धित समितिले समेत सरुवाका लागि सिफारिस गर्न सक्नेछ ।

## ६३. राजीनामा स्वीकृति

(१) युनियनको कुनै सदस्य वा पदाधिकारीले सम्बन्धित कार्यसमितिका अध्यक्षमार्फत कार्यसमितिमा र कार्यसमितिका अध्यक्षले उपाध्यक्ष र निज नभएको अवस्थामा केन्द्रीय कार्यसमितिको हकमा महासचिव प्रदेश/विभागीय समन्वय कार्यसमितिको हकमा सम्बन्धित कार्यसमितिका महासचिव र अन्य कार्यसमितिको हकमा सचिवमार्फत राजीनामा दिन सक्नेछन् ।

(२) युनियनको सम्बन्धित समितिमा पेश भएको राजीनामा माथि छलफल भई स्वीकृत/अस्वीकृत भएको जानकारी केन्द्रको हकमा महासचिवले र अन्य कार्यसमितिको हकमा सचिव मार्फत राजीनामा दिने पदाधिकारी वा सदस्यलाई दिइनेछ ।

## ६४. सल्लाहकार समिति

युनियनको उद्देश्य प्राप्तिका लागि  उचित सल्लाह र सुझाव प्रदान गर्नका लागि युनियनको केन्द्रीय कार्यसमितिमा काम गरिसकेका युनियनका मानार्थ सदस्य वा सेवाकालीन सदस्यहरूमध्येबाट अध्यक्षले बढीमा ११ सदस्यीय एक सल्लाहकार समिति गठन गर्न

सक्नेछ । यसै गरी सम्बन्धित कार्यसमितिले उपयुक्त व्यक्तिहरू समावेश गरी एक सल्लाहकार समिति गठन गर्न सक्नेछ । तर सल्लाहकारमा चयन हुने व्यक्ति युनियनलाई आवश्यक पर्ने विषयमा अनुभवी, विज्ञता वा दक्षता हासिल गरेको, युनियनलाई विशेष योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।

## ६५. नेपाल सरकारसँगको सम्पर्क

युनियनले नेपाल सरकारसँग सम्पर्क राख्दा सामान्यतया संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत राख्नेछ ।

## ६६. विनियम बनाउने अधिकार

यस विधानको उद्देश्य र भावनाअनुसार विधानमा भएका व्यवस्थाहरूलाई सहज रूपमा कार्यान्वयन गर्न आवश्यकतानुसार केन्द्रीय कार्यसमितिले विनियम तथा कार्यविधि बनाई कार्यान्वयनमा ल्याउन सक्नेछ ।

## ६७. युनियनको आधिकारिकता

निजामती कर्मचारीहरूको हकहितका लागि गठन भएको वा हुने कुनै प्रकारको प्रशासन सुधार आयोग, तलब आयोग (पे कमिसन), कर्मचारीसँग सम्बन्धित ऐन/नियम तर्जुमा र संशोधन गर्ने कार्यदल तथा यस्तै अन्य निकाय वा कार्यदलमा प्रतिनिधित्व गर्न यस युनियनको केन्द्रीय कार्यसमितिलाई मात्र अधिकार हुनेछ ।

## ६८. सुविधा दिनुपर्ने

युनियनको कार्यसमितिमा रहेका कर्मचारीलाई सम्बन्धित ट्रेड युनियनको अनुरोधमा युनियनसम्बन्धी बैठक, सेमिनार, गोष्ठी, तालिम, अधिवेशन वा महाधिवेशनमा भाग लिन जानुपरेको अवस्थामा त्यस्ता कर्मचारीलाई सम्बन्धित समितिको सिफारिसमा सम्बन्धित कार्यालयले काजको सुविधा दिनुपर्नेछ ।

## ६९. कर्मचारीसम्बन्धी व्यवस्था

(१) युनियनको कामकारबाही सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकतानुसार सम्बन्धित कार्यसमितिले कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने कर्मचारीहरूको पारिश्रमिक सुविधा एवम् सेवाको अन्य सर्तहरू सम्बन्धित अधिवेशनले तोकेको बजेटको सीमाभित्र रही केन्द्रीय समितिले निर्धारण गर्नेछ ।

## ७०. कामकारबाही मान्य हुने

(१) यो विधान लागू हुनुभन्दा अगाडि गठित केन्द्रीय तदर्थ समिति र अन्य तदर्थ समितिले गरेका कामकारबाही यसै विधानबमोजिम गरेसरह मान्य हुनेछ ।

(२) यो विधान प्रारम्भ भई विधानबमोजिम निर्वाचन भई पहिलो महाधिवेशन नहुँदासम्म यो विधानबमोजिम केन्द्रीय अधिवेशन र केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार तत्काल रहेको केन्द्रीय समितिले प्रयोग गर्नेछ ।

## ७१. दायित्व र सम्पत्ति सार्ने

युनियनको केन्द्रीय तदर्थ समिति र अन्य तदर्थ समितिहरूको जिम्मामा भएको चल/अचल सम्पत्ति र दायित्व यो विधान प्रारम्भ भएपछि केन्द्रीय कार्यसमिति र सम्बन्धित अन्य कार्यसमितिमा सर्नेछ ।

## ७२. शपथ

युनियनका प्रत्येक कार्यसमितिका अध्यक्षलगायत पदाधिकारी र सदस्यहरूले निर्वाचित भएपछि सम्बन्धित निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतसमक्ष अनुसूची १ मा व्यवस्था भए बमोजिम शपथ लिनुपर्नेछ । तर मनोनीत सदस्य र विशेष

कारणवश निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतसमक्ष शपथ लिन नसकेको अवस्थामा सम्बन्धित पदाधिकारी तथा सदस्यहरूले सम्बन्धित कार्यसमितिको अध्यक्षसमक्ष शपथ ग्रहण गर्न सक्नेछन् ।

### ७३. भ्रमण प्रतिवेदन दिनुपर्ने

युनियनको तर्फबाट स्वदेश वा विदेशमा सरकारी वा सार्वजनिक संस्थामा हुने बैठक, गोष्ठी, कार्यशाला, छलफल, सम्मेलन आदिमा भाग लिन जाने प्रतिनिधिले सो कार्य सम्पन्न गरी फर्केको मितिले १ महिनाभित्र केन्द्रीय कार्यसमितिमा सबै विवरण खुलाई आफ्नो रायसहितको प्रतिवेदन दिनुपर्नेछ । केन्द्रीय कार्यसमितिबाहेक अन्य समितिको पदाधिकारी वा सदस्यले आ-आफ्नो समितिमा समेत प्रतिवेदन दिनुपर्नेछ ।

### ७४. आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व

नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्यसमितिको तर्फबाट आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा केन्द्रीय कार्यसमितिको बहुमतको निर्णयबाट सिफारिस गरी पठाउनुपर्नेछ । अन्य कार्यसमितिको हकमा सम्बन्धित कार्यसमितिले बहुमतबाट निर्णय गरेबमोजिम एक तहमाथिको कार्यसमितिबाट सिफारिस गर्नुपर्नेछ ।

### ७५. आधिकारिक ट्रेड युनियनबाट फिर्ता बोलाउन सकिने

नेपाल निजामती कर्मचारी युनियनको तर्फबाट आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्ने पदाधिकारी वा सदस्यलाई निजको कार्य सन्तोषजनक भएको नदेखिएमा जुन कार्यसमितिको निर्णयले प्रतिनिधि पठाइएको हो सोही कार्यसमितिको दुई तिहाइ बहुमतको निर्णयबाट निजलाई फिर्ता बोलाउन सकिनेछ साथै जुन कार्यसमितिबाट प्रतिनिधित्व गरी आधिकारिक ट्रेड युनियनमा गएको हो उक्त समितिको क्षेत्रभन्दा बाहिर सरुवा बढुवा वा

अवकाश भई गएमा निजको पद स्वतः समाप्त भई जानेछ र रिक्त हुन आएको पदमा जुन विधि प्रक्रियाबाट चयन भएको थियो, सोही विधि र प्रक्रियाबाट रिक्त पद पूर्ति गरिनेछ ।

**७६. आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गरी गएका पदाधिकारी वा सदस्यको काम, कर्तव्य निम्नानुसार हुनेछ :**

(१) युनियनको उद्देश्य र भावनाअनुकूल हुने गरी आधिकारिक ट्रेड युनियनका क्रियाकलापहरू अगाडि बढाउन निरन्तर सक्रिय रहने ।

(२) आधिकारिक ट्रेड युनियनमा युनियनबाट नेतृत्व गरी गएका पदाधिकारीसँग समन्वय तथा सम्पर्कमा रही राख्ने ।

(३) युनियनको सम्बन्धित तहका समितिहरूसँग समन्वय र सम्पर्कमा रही रहने ।

(४) आधिकारिक ट्रेड युनियनका गतिविधिबारे सम्बन्धित तहका कार्यसमितिमा जानकारी गराउने ।

(५) सम्बन्धित तहका समितिहरूको बैठकमा अनिवार्य रूपमा भाग लिने

(६) आधिकारिक ट्रेड युनियन र सम्बन्धित कार्यसमितिको समन्वय र भूमिका प्रभावकारी बनाउने ।

**७७. कुनै कारणवश युनियन विघटन भएमा**

कुनै कारणवश युनियनको विघटन भएमा यसमा रहेको दायित्व र चलअचल सम्पत्तिबाट व्यहोरिने र बाँकी रहेको चलअचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

## ७७.क. ♣विवरण अद्यावधिक गर्नुपर्ने

युनियनको सम्बन्धित कार्यसमितिले आफ्ना सदस्यहरूको समावेशी सिद्धान्तका आधारमा भूगोल, वर्ग, लिङ्ग, समूह छुट्याई विवरण तयार गरी अद्यावधिक गरी राख्नुपर्नेछ । सोको विवरण माथिल्लो कार्यसमितिमा पठाउनुपर्नेछ ।

## ७७.ख. ♣अविश्वासका प्रस्ताव

(१) कुनै पनि अधिवेशन सदस्य वा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूका विरुद्ध सम्बन्धित अधिवेशनका २५% सदस्यहरूले सम्बन्धित कार्यसमितिमा अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् ।

(२) अविश्वासको प्रस्ताव दर्ता भएको मितिले ३५ (पैंतिस) दिनभित्र सम्बन्धित अधिवेशनको बैठक बोलाई अध्यक्षलाई अविश्वास दर्ता भएको भए केन्द्रीय कार्यसमितिको अध्यक्षको हकमा वरिष्ठ उपाध्यक्षले र अन्य कार्यसमितिको हकमा उपाध्यक्षले सम्बन्धित अधिवेशनको अध्यक्षता गर्नेछन् । उपर्युक्त अनुसारका अध्यक्षता गर्ने पदाधिकारी अनुपस्थित भएको अवस्थामा मर्यादाक्रमअनुसारका सम्बन्धित कार्यसमितिका ज्येष्ठ पदाधिकारी वा सदस्यले अधिवेशन/ बैठकको अध्यक्षता गर्नेछन् । अन्य पदाधिकारी तथा सदस्यहरूको विरुद्धमा अविश्वास दर्ता भएको भए सम्बन्धित कार्यसमितिको अध्यक्षले अध्यक्षता गर्नेछन् ।

सम्बन्धित अधिवेशनको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित गर्नुपर्नेछ । यदि दुई तिहाईबाट पारित हुन नसकेमा उक्त अविश्वासको प्रस्ताव स्वतः बदर हुनेछ ।

♣ सातौं संशोधनबाट थप गरिएको

यसरी पारित हुन नसकेको अविश्वास प्रस्ताव कम्तीमा १ (एक) वर्षभित्र पुनः पेश गर्न पाइनेछैन ।

**७७.ग. ♣निलम्बन तथा कारबाही**

(१) युनियनको उद्देश्य, हित तथा आचारसंहिताविपरीत कार्य गर्ने मातहतका कार्यसमिति, पदाधिकारी वा सदस्यलाई कार्यसमितिको हकमा एक तह माथिको कार्यसमितिको निर्णय तथा पदाधिकारी वा सदस्यको हकमा सम्बन्धित कार्यसमितिको निर्णय र अनुशासन समितिको प्रतिवेदन/सिफारिसको आधारमा केन्द्रीय कार्यसमितिले भंग, निलम्वन तथा कारबाही गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निलम्बन वा कारवाही गर्नुपूर्व सम्बन्धित कार्यसमिति वा पदाधिकारी सदस्यलाई सफाइको मौका दिनुपर्नेछ ।

**७७.घ. ♣मर्यादाक्रम**

(१) यस विधानमा व्यवस्था भए बमोजिम एउटा पदमा एक जनाभन्दा बढी पदाधिकारी सदस्य रहेकोमा निर्वाचनमा प्राप्त मतका आधारमा बढीबाट क्रमश मर्यादाक्रम कायम गरिनेछ । निर्विरोध निर्वाचित भएको अवस्थामा निजहरू मध्येको विगतको भूमिकाको आधारमा मर्यादाक्रम कायम गरिनेछ ।

(२) प्रदेश अध्यक्षको केन्द्रीय कार्यसमितिमा मर्यादाक्रमको हकमा निजहरूको नेपाली नामको वर्णानुक्रमानुसार मर्यादाक्रम कायम गरिनेछ ।

---

♣ सातौँ संशोधनबाट थप गरिएको

(३) दोहोरिएर निर्वाचित हुने वा मनोनित हुने केन्द्रीय सदस्यको हकमा पूर्ववत् पदको आधारमा मर्यादाक्रम कायम गरिनेछ ।

(४) सम्बन्धित कार्यसमितिको सल्लाहकारको मर्यादाक्रम पदाधिकारीपछि कायम हुनेछ ।

(५) अन्य पदको मर्यादाक्रम अनुसूची १३ मा तोकिएबमोजिम हुनेछ ।

**७७.ङ. ♣संक्रमणकालीन व्यवस्था**

(१) नेपाल निजामती कर्मचारी युनियनको सम्पन्न आठौँ अधिवेशनबाट कार्यान्वयनमा आएका पदबाहेक यस विधान अधिवेशनबाट विधान संशोधन हुँदा थप/घट हुन आएका पदहरूको हकमा नवौं महाधिवेशनबाट लागु हुनेछ ।

२) आठौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय उपाध्यक्ष तथा संघीय/प्रदेश अध्यक्षहरूको हकमा यस विधानमा भएको संशोधित व्यवस्था लागु हुने छैन ।

**७८.** .............

**७८.क ♣बाधा अडकाउ फुकाउ**

१) यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवा ऐन जारी भई कार्यान्वयनमा आएमा निजामती सेवा ऐन, २०४९ को सट्टामा संघीय निजामती सेवा ऐनबमोजिम भएको मानिनेछ । साथै सोबमोजिम विधानमा अन्य संशोधन गर्नुपर्ने वा मिलाउनुपर्ने भएमा अर्को विधान अधिवेशन वा महाधिवेशनबाट अनुमोदन गराउने गरी केन्द्रीय कार्यसमितिले गर्न सक्नेछ ।

---

♣ सातौँ संशोधनबाट थप गरिएको

## अनुसूची-१

(दफा ७२ सँग सम्बन्धित)

### शपथ

म ... ... ... ... ... ... ... ... नेपाल निजामती कर्मचारी युनियनको ... ... ... ... ... ... ... ... ... अधिवेशन/कार्यसमितिको ... ... ... ... ... ... ... ... ... ... ... ईश्वरको नाममा सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि मैले जाने/बुझेसम्म कसैको मोलाहिजा, दबाब र करकापमा नपरी युनियनको गोपनीयता भङ्ग नगरी सधैं भरी निःस्वार्थपूर्वक युनियनको उद्देश्य पूर्ति र निरन्तर सुदृढताका लागि मेरो सामर्थ्यले भ्याए सम्म हरतरहले सेवारत रहनेछु ।

दस्तखत :

नाम, थर :

ठेगाना :

कार्यसमिति/अधिवेशन :

मिति :

## अनुसूची-२

(दफा ४ उपदफा ४ सँग सम्बन्धित)

### छाप

अन्य कार्यसमितिले उल्लेखित छापमा केन्द्रीय कार्यसमितिको सट्टा आ-आफ्नो कार्यसमितिको नाम र ठेगाना उल्लेख गर्नुपर्नेछ ।



## अनुसूची-३

(दफा ४ उपदफा ५ सँग सम्बन्धित)

## प्रतीक चिन्ह

**पुनश्च :** प्रतीक चिन्हको रङ रातो हुनेछ ।

# अनुसूची-४

(दफा ४ उपदफा ५ सँग सम्बन्धित)

## झन्डा



**पुनश्च :** युनियनको झण्डाको आकार चारकुने हुनेछ । जसको माथिल्लो र तल्लो भाग रातो रङको हुनेछ भने बीचको भाग सेतो रङको हुनेछ । बीचमा रहेको सेतो भागमा युनियनको रातो रङको प्रतीक चिन्ह रहनेछ ।

# अनुसूची-५

केन्द्रीयस्तरका सचिवालयहरू :

१. राष्ट्रपतिको कार्यालय ।
२. उपराष्ट्रपतिको कार्यालय ।
३. संघीय संसद् सचिवालय ।
४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।
५. महालेखापरीक्षकको कार्यालय ।
६. लोकसेवा आयोग ।
७. निर्वाचन आयोग ।
८. सर्वोच्च अदालत ।
९. महान्यायाधिवक्ताको कार्यालय ।
१०. महालेखा नियन्त्रकको कार्यालय ।
११. राष्ट्रिय सतर्कता केन्द्र ।
१२. सार्वजनिक खरिद तथा अनुगमन कार्यालय ।
१३. न्याय परिषद् सचिवालय ।
१४. राष्ट्रिय योजना आयोग ।
१५. राष्ट्रिय महिला आयोग ।
१६. राष्ट्रिय मानव अधिकार आयोग ।
१७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ।
१८. राष्ट्रिय दलित आयोग ।
१९. राष्ट्रिय समावेशी आयोग ।
२०. कानुन आयोग ।
२१. सूचना आयोग ।
२२. आदिवासी जनजाति आयोग ।
२३. मधेसी आयोग ।
२४. थारू आयोग ।
२५. मुस्लिम आयोग ।
२६. नेपाल ट्रष्ट ।

# अनुसूची-६

## (दफा ८.१ सँग सम्बन्धित)

# साधारण सदस्यको विवरण



श्रम तथा रो.प्र.वि.दर्ता नं. २१५ "राष्ट्रसेवा, निष्पक्षता, तटस्थता र कर्मचारी एकता"

नेपाल निजामती कर्मचारी युनियन

NEPAL CIVIL SERVICE EMPLOYEES' UNION

निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन

साधारण सदस्यता

सदस्यता नं. मिति : ..........

राष्ट्रसेवा, निष्पक्षता, तटस्थता र कर्मचारी एकताप्रति प्रतिबद्ध भई नेपाल निजामती कर्मचारी युनियनको उद्देश्यलाई स्वीकार गर्ने तपाई श्री ..........लाई एकमुष्ट रकम रु. १००/- लिई युनियनको साधारण सदस्यता प्रदान/नविकरण गरिएको छ ।

सदस्यता लिनेको नाम थर : ..........

हस्ताक्षर : ..........

कर्मचारी संकेत नं. : ..........

कार्यालय : ..........

सदस्यता लिएको मिति : ..........

नविकरण मिति : ..........

सिफारिस गर्नेको दस्तखत (महासचिव/सचिव)

सदस्यता प्रदान गर्नेको दस्तखत (अध्यक्ष)

# अनुसूची-८

(दफा ८.२ सँग सम्बन्धित)

## क्रियाशील सदस्यको विवरण

**नेपाल निजामती कर्मचारी युनियन**

**NEPAL CIVIL SERVICE EMPLOYEES' UNION**

**क्रियाशील सदस्यता विवरण फारम**

फोटो

श्रीमान् अध्यक्षज्यू

राष्ट्रसेवा, निष्पक्षता, तटस्थता र कर्मचारी एकताप्रति प्रतिबद्ध भई नेपाल निजामती कर्मचारी युनियनको उद्देश्यलाई स्वीकार गरी विधान बमोजिम यस युनियनको साधारण सदस्यता पाउन/नवीकरणका लागि तपशील बमोजिम विवरण भरी यो निवेदन पेश गरेको छु ।

नयाँ सदस्यता नं.: ................................ नवीकरण सदस्यता नं. : ................................

नाम, थर (देवनागरीमा) : ................................

(अंग्रेजी Block Letter मा) : ................................

कर्मचारी संकेत नं. : ................................

बाबुको नाम : ................................ आमाको नाम : ................................

पति/पत्नीको नाम : ................................

कार्यरत कार्यालय : ................................

श्रेणी र पद : ................................ सेवा प्रवेश मिति : ................................

सेवाको प्रकृति : ☐ स्थायी ☐ अस्थायी ☐ करार ☐ निजामती ☐ विकास समिति :................................

कार्यालयको फोन नं. ........................ सम्पर्क नं. : ........................ ईमेल : ........................

क्रियाशील सदस्यता शुल्क : रू. ३००/- सदस्यता अवधि : तीन वर्ष ब्लड ग्रुप : ........................

नेपाल निजामती कर्मचारी युनियनमा आबद्धता/सहभागिता सम्बन्धी विवरण :

| सि.नं. | मिति | कार्यसमिति | कार्यसमितिको पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अन्य पेशागत संस्थामा संलग्न हुनुहुन्छ भने सोको विवरण :................................

................................................................

दस्तखत :........................................ मिति :........................................

सिफारिस गर्ने समितिको छाप

हस्ताक्षर : ........................................ हस्ताक्षर : ........................................

नाम :........................................ नाम :........................................

जिल्ला/विभागीय सचिव जिल्ला/विभागीय अध्यक्ष

केन्द्रीय कार्यसमितिको प्रयोजनको लागि मात्र

................................ ................................

महासचिव<br>केन्द्रीय कार्यसमिति

अध्यक्ष<br>केन्द्रीय कार्यसमिति

# अनुसूची-९

(दफा ८.२ सँग सम्बन्धित)

## क्रियाशील सदस्यता कार्डको नमुना



श्रम तथा रो.प्र.वि.दर्ता नं. २१५

"राष्ट्रसेवा, निष्पक्षता, तटस्थता र कर्मचारी एकता"

नेपाल निजामती कर्मचारी युनियन

केन्द्रीय कार्यसमिति, काठमाडौं

NEPAL CIVIL SERVICE EMPLOYEES' UNION

Central Executive Committee, Kathmandu

क्रियाशील सदस्यता

सदस्यता नं.

नाम थर : ............................................ कर्मचारी संकेत नं. :..........................

स्थायी ठेगाना : ..........................................................................................

कार्यरत कार्यालय : ......................................................................................

सदस्यता जारी मिति : .................................... ब्लड ग्रुप : ................................

............................ ............................

महासचिव अध्यक्ष

क्रियाशील सदस्यता सम्बन्धमा अन्य कुनै कुरा उल्लेख गर्नु परेमा

सदस्यता नविकरण

| देखि | सम्म |
|---|---|
| २०८ / / | २०८ / / |
| | |
| | |

# अनुसूची-१०


## सेवाकालीन सदस्य कार्डको नमुना



# अनुसूची-११

## मानार्थ सदस्य कार्डको नमुना



# अनुसूची-१२

## मर्यादाक्रम

नेपाल निजामती कर्मचारी युनियनको मर्यादाक्रम तोकिएबमोजिमको रहनेछ ।